जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

बजेटले अर्थतन्त्रलाई चलायमान बनाउँछ : अर्थमन्त्री महत पृष्ठ ५ मा



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ४३ • २०८० साल असार १७ गते आइतबार (2 July, Sunday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# दाइजोका लागि रौतहटमा डब्बल मर्डर

## सासु जेठानी पक्राउ, श्रीमान र ससुरा फरार

**राकेश यादव**

गौर । रौतहटको मौलापुर नगरपालिकाको वडा नम्बर ४ पतौरामा दाइजोका लागि डब्बल मर्डर भएको छ । आमा र अवोध छोरीको हत्यापछि परिवारका सदस्यहरु फरार भएका छन् ।

पतौरामा शुक्रबार राति आमा र छोरी घरमा मृत फेला परेका छन् । पतौरा गाउँकी २४ वर्षीया कविता देवी साह र उनकी २० महिनाकी छोरी आरुही राति घरमै मृत अवस्थामा भेटिएकी छन् ।

अवोध बालिकालाई सिलिंग पंखामा झुण्डयाएर हत्या गरिएको र कविता देवीलाई घरमा बन्द गरी जलाएर हत्या गर्ने प्रयास गरिएको स्थानीयहरुले जनाएका छन् ।

मृतक कविताको टाउकोको अगाडिको भाग फुटेको छ । हात र खुट्टा जलेको छ । तर उनले लगाएकी लुगा(मेक्सी)मा आगोले छोएको छैन् ।

प्रहरीका अनुसार कविताको लुगा राखिएको ट्रंकको ढक्कन खोलिएर कपडामा आगो लगाइएको छ ।मृतक कविताको छाला आगोको तापले सिकुरेको प्रहरीस्रोतले जनाएका छन् । प्रहरी स्रोतका अनुसार बालिकालाई हत्या गरी पंखामा झुण्डयाइएको र आमालाई घरभित्रै आगोमा जलाएर हत्या गरिएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

आरुहीको शव पंखामा झुण्डिएको र कविताको शव घरबाट बाहिरिने सिँढीमुनिको बरण्डामा फेला परेको रौतहटका प्रहरी प्रवक्ता डीएसपी उमाशंकरप्रसाद यादवले बताएका छन् ।



मृतक : कविता साह र छोरी आरुही साह ।

मृतक कविता देवी साहलाई घरबाट घिसारेर बाहिर ल्याइएको र आरुहीको शव पंखामा नै झुण्डिएको अवस्थामा छाडिएको थियो ।

उनका अनुसार मृतक कविताका पति धीरेन्द्र साह र ससुरा नागेन्द्र साह घटनापछि फरार छन् । कविताकी सासु मैना देवी र जेठानी निशा देवी लाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धान गरिरहेको छ ।

घटना पश्चात मृतकका श्रीमान धीरेन्द्र साह, उनका बुवा नागेन्द्र साहलगायत परिवारकासदस्यहरु फरार भएका छन् ।

'मृतकका जेठानी र सासुलाई सोधपुछका लागि ल्याएका छौं,' डीएसपी यादवले भने, 'मृतकका श्रीमान् अहिलेसम्म फेला परेका छैनन्, उनको खोजतलास गर्दैछौं ।''घटनाका बारेमा तत्कालै केही भन्ने अवस्था छैन्' उनले भने, अनुसन्धानपछि विस्तृत जानकारी प्राप्त हुनेछ ।

तीन वर्षअघि विवाह गरेकी कवितालाई उनका श्रीमानले पटक-पटक दाइजोका लागि यातना दिने गरेको उनका पिता विजयशंकर साहले बताए ।

'बिहे भएपछि दाइजोका लागि मेरी छोरीलाई चरम यातना दिने गरिएको थियो' साहले भने, अन्ततः छोरी र नातिनीको हत्या नै गरिएको छ ।

'बिहेपछि दाइजोमा सुनको औठी र सिक्री दिन सकिएको थिएन'साहले भने,ज्वाइँ धीरेन्द्रले धेरै पटक छोरीलाई यो विषयमा कुटपिट गरेको थियो । आखिरमा दाइजोकै लागि छोरी र नातिनीको हत्या गरेर ज्वाइँ र सम्धी फरार भएका छन् ।

घटनाको निष्पक्ष छानबिन गर्दै अपराधिहरुलाई कडा सजाय दिनुपर्ने उनले माग गरेका छन् । रौतहट जिल्लाकै माधवनारायण नगरपालिकाको वडा नम्बर ५ मिठुअवा गाउँमा कविताको माइती हो । घटनाबारे स्थानीयहरुले जानकारी दिएपछि मृतकका पिता विजयशंकर साहले घटना थाहा पाउनसाथ आफू छोरीको घर आएको बताए । तर मृतक छोरी र नातिनीको शव धेरै बेरपछि मात्र हेर्न पाएको दुखेसो पोखे । छोरीलाई ज्वाइँले पटक पटक कुटपिट गर्दै अनेक प्रकारको यातना दिने गरेको आरोप उनले लगाएका छन् ।

'बेलाबेलामा कविताले ज्वाइँ धीरेन्द्र साहले नगद, पलङ, सुनको औंठी र सिक्री माग्ने गरेको बताउने गरेकी थिइन् ' उनले भने, दाइजो नल्याएका कारण छोरी र नातिनीको हत्या गरिएको छ ।

अबेर रातिसम्म शवको पोष्टमार्टम हुन सकेको छैन् । आमा छोरीको शव प्रादेशिक अस्पतालमा राखिएको छ । मृतकका श्रीमान, ससुरा लगायत परिवारका अधिकांश पुरुष सदस्य फरार रहेका र सासु, जेठानी पक्राउ परेकाले पोष्टमार्टमका लागि कानुनी प्रक्रियामा समस्या देखिएको बताइएको छ । कविताकी वृद्ध हजुरआमा सासु भने घरमा नै रहेकी छन् ।

मृतकका पिता साह भने अस्पतालमै रहेका छन् । आमा र छोरीको हत्याको खबरले कविताको माइतीमा शोक छाएको छ ।विजय शंकरको ५ छोरी मध्ये कविता चौथो नम्बरमा थिइन् ।

कर्मचारी आवश्यकता

नेपालको जीवन बीमा कम्पनी मध्येको दुई सफल बीमा कम्पनीहरु साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बीच नेपालको पहिलो र सफल ऐतिहासिक मर्जर पछि नेपाली जीवन बीमा बजारमा अलग्गै पहिचान बनाउन र बीमितहरुको विश्वास जित्न सफल भई ISO 9001:2015 प्रमाणपत्र समेत प्राप्त गरेको यस सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको देशभरको बिभिन्न शाखाहरुमा शाखा प्रमुख पदमा अनुभवी तथा दक्ष कर्मचारीहरुको आवश्यकता भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले Online Form मार्फत आफुले आवेदन गर्न चाहेको प्रदेश तथा स्थान समेत उल्लेख गरि तोकिएको म्याद भित्रमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।




शाखा प्रमुख

न्यूनतम योग्यता तथा आवश्यक अनुभव
क) शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ।
ख) उमेर हद: २१ वर्ष पुरा भई ४० बर्ष ननाघेको ।
ग) कार्य अनुभव: बीमा, बैंक तथा वित्तीय संस्थामा कम्तिमा १ वर्ष वा बिक्री तथा बजार व्यवस्थापनको क्षेत्रमा कम्तीमा २ बर्ष कार्य अनुभव भएको । जीवन बीमा क्षेत्रमा अनुभव भएका आवेदकहरुलाई विशेष प्राथमिकता दिईने छ ।

कार्य गर्नुपर्ने स्थान : सात वटै प्रदेश स्थित कम्पनीको विभिन्न शाखा कार्यालयहरु ।
दरखास्त : माथि उल्लेखित योग्यता पुगेका ईच्छुक नागरिकहरुले दरखास्त फारम https://suryajyotilife.com/vacancy मार्फत अथवा QR SCAN गरि त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।
आवेदन दिने अन्तिम मिति : २०८० आषाढ ३१ गते ५:३० बजे भित्र ।

ISO 9001:2015 CERTIFIED

आवेदन स्वीकृत / अस्वीकृत गर्ने वा विज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार कम्पनीमा निहित हुनेछ। प्रारम्भिक छनौट सूचीमा परेका आवेदकहरुलाई मात्र अन्य छनौट प्रकृयाको लागि सम्पर्क गरिनेछ ।

SuryaJyoti
जीवनको लागि
सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाडौं । फोन : ०१-४५४५९४१/४२
वेबसाइट : www.suryajyotilife.com

एक घर एक रूख रोपौं

- वृक्षरोपण गरी वातावरण जोगाऔं ।
- जन्मदेखि मृत्युसम्म मानव जीवनलाई सार्थक तुल्याउन वृक्ष चाहिन्छ ।
- बाँचुन्जेल चाहिने अक्सिजन पनि यही वृक्षले प्रदान गर्दछ ।
- वृक्षको महत्व मानव जीवनका लागि अपरम्पार छ ।
- कृषकको आवश्यकता पूर्तिसागै वातावरण सन्तुलन कायम गर्दछ ।
- प्रकृतिको यही विकल्प, वृक्षरोपणको गरौ संकल्प ।
- जहाँ हरियाली, त्यही खुशियाली ।
- वृक्षारोपणले सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरु पु¥याइरहेको हुन्छ ।
- वृक्ष प्रकृतिको अनुपम उपहार हो ।
- वातावरणलाई सफा स्वच्छ निर्मल राख्नुका साथै भावि पिंडीका लागी सम्पत्ति बन्दछ ।
- वृक्षरोपण: स्वच्छ वायु, स्वस्थ्य जीवन ।



इशनाथ नगरपालिका
औरैया, रौतहट, मधेश प्रदेश

एक घर एक रूख रोपौं

- वृक्षरोपण गरी वातावरण जोगाऔं ।
- जन्मदेखि मृत्युसम्म मानव जीवनलाई सार्थक तुल्याउन वृक्ष चाहिन्छ ।
- बाँचुन्जेल चाहिने अक्सिजन पनि यही वृक्षले प्रदान गर्दछ ।
- वृक्षको महत्व मानव जीवनका लागि अपरम्पार छ ।
- कृषकको आवश्यकता पूर्तिसागै वातावरण सन्तुलन कायम गर्दछ ।
- प्रकृतिको यही विकल्प, वृक्षरोपणको गरौ संकल्प ।
- जहाँ हरियाली, त्यही खुशियाली ।
- वृक्षारोपणले सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरु पु¥याइरहेको हुन्छ ।
- वृक्ष प्रकृतिको अनुपम उपहार हो ।
- वातावरणलाई सफा स्वच्छ निर्मल राख्नुका साथै भावि पिंडीका लागी सम्पत्ति बन्दछ ।
- वृक्षरोपण: स्वच्छ वायु, स्वस्थ्य जीवन ।

कटहरिया नगरपालिका
कटहरिया, रौतहट, मधेश प्रदेश

# नेपाली किसानको रोपाईंको बाधन भारतीय पक्ष

**टुडे समाचारदाता**

वीरगञ्ज । रोपाइँका लागि नहरमा पानी दिनुपर्ने सिजनमा भारतीय पक्षले नहरको मर्मतसम्भार भइरहेको भन्दै पर्याप्त पानी नदिएपछि गण्डक नहरमा आश्रित किसानहरूको रोपाइँ पनि प्रभावित भएको छ ।

भारतसँगको गण्डक सम्झौता अनुसार वर्षेनि धान बालीका लागि असार १५ र गहुँ बालीका लागि पुस १० देखि नहरमा ८ सय ५० क्युसेक पानी भारतीय पक्षले दिइसक्नु पर्छ । भारतको झमरी नदीमा नहरको संरचनामा लिकेज भएको भन्दै हाल भारतीय पक्षले नहरको मर्मत सम्भारको काम गरिरहेको छ । नारायणी सिँचाई व्यवस्थापन कार्यालयका सूचना अधिकृत एवम् इन्जिनियर सुरेश साहका अनुसार साता अघिदेखि भारतीय पक्षले त्यहाँ नहरमा मर्मत सम्भारको काम गरिरहेको छ ।

'भारतीय भूमिमा २ सय २० आरडीमा नहरको मुख्य संरचनामै लिकेज भएकाले करिब साता अघिदेखि भारतीय पक्षले त्यहाँ नहर मर्मत सम्भारको काम भइरहेको जानकारी गराएको छ । यो स्थान नेपाल-भारत सीमाबाट करिब १२ किमी पश्चिममा पर्छ,' उनले भने, 'भारतीय किसानको उखु बाली सिँचित गर्न नहरमा पानी छोड्दा यसरी नहरमा लिकेज भएको रहेछ । लिकेज भएको ठाउँमा मर्मत सम्भार नगरी धेरै पानी छोडे नहर फुट्ने सम्भावना हुन्छ ।'



हाल भारतीय पक्षले नहरमा करिब २ सय क्युसेक मात्र पानी छोडेको र यति पानीले पर्सा जिल्लाको माग पनि पूरा नहुने साह बताउँछन् । '२ सय क्युसेक पानीले पर्सा जिल्लाका किसानको माग पनि थेग्दैन,' उनले भने, 'साता दिनभित्रै हामीलाई कम्तीमा ५ सय क्युसेक चाहिन्छ भनेर भारतीय पक्षसँग माग गरेका छौं । लिकेज मर्मत गरेर पर्याप्त पानी छोड्न भारतीय पक्षले थप ३/४ दिन लाग्ने भनेको छ ।'

नेपालतर्फ भने मुख्य नहर प्रणाली तथा सहायक प्रणालीहरुमा मर्मत सम्भारको काम सम्पन्न भई अब नहरमा पानीको प्रतिक्षा मात्र गरिएको साह बताउँछन् । नहरको मुख्य संरचनामा पर्सा, बारा र रौतहटमा गरी करिब २ दर्जन गेटको मर्मत सम्भार र परिवर्तनको काम सम्पन्न भएको उनले बताए । नहरमा बाराको जमुनीमा ४ वटा स्केप गेट परिवर्तन र रौतहटमा चेक गेट हेड रेगुलेटरको मर्मतको काम सम्पन्न भइसकेको उनले बताए ।

किसान संघ पर्साका अध्यक्ष असर्फी साह गण्डक नहरमा सम्झौता अवधिमा पानी नआउँदा पर्सा, बारा, रौतहटका किसानलाई मार पर्ने बताउँछन् । 'नहरको पानीमा आश्रित किसानले सम्झौता अवधिमै नहरमा पानी आउने आसामा धानको बिरुवा तयार गरेका हुन्छन्,' उनले भने, 'अब नहरमै पानी ढिलो गरी आउने भएपछि किसानको रोपाइँ पनि ढिलो हुनेछ ।'

गण्डक व्यारेजको निर्माण भारतले आफैं गरेको र सञ्चालन पनि भारतीय पक्ष आफैंले गर्छ। उसले व्यारेजबाट नेपालभन्दा भारतीय भूमिमा बढी पानी लैजाने गरेको छ । सन् १९७५ र ७६ मा दुई चरणमा भारत सरकारले नेपाल सरकारलाई गण्डक नहर हस्तान्तरण गरेको हो । गण्डक नहरबाट पर्सा, बारा र रौतहट गरी तीन वटा जिल्लामा गरी ३७ हजार ४ सय हेक्टर जग्गा सिँचित गर्ने लक्ष्य भए पनि वर्षेनि कुनै न कुनै समस्या देखाउँदै भारतले सम्झौता अनुरुपको ८ सय ५० क्युसेक पानी नेपाललाई दिँदैन ।

नवलपरासीको भैंसालोटनस्थित नेपाल-भारत सीमामा निर्मित व्यारेजबाट भारतीय पक्षले गण्डक नहरमा पानी छोड्ने गर्छ । भारतमै ९२ किमी दूरी हुँदै यो नहर पर्साको जगरनाथपुर गाउँपालिकाको जानकी टोलाबाट नेपालमा प्रवेश गर्छ । पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाइ नेपालतर्फ ८१ किमी रहेको छ ।

# तीन जना पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहामा लागूऔषध खैरो हिरोइनसहित तीन जना पक्राउ परेका छन् ।

सिरहा नगरपालिका-७ स्थित डेरीबाट ६२.२१ ग्राम खैरो हिरोइनसहित पक्राउ परेका छन् ।

सिरहा नगरपालिका- २० का सत्यनारायण कारक, सोही नगरपालिका वडा नम्बर ८ का २० वर्षीय विवेक ठाकुर र १९ वर्षीय मनिष यादवलाई खैरो हिरोइनसहित पक्राउ गरिएको सिरहाका सूचना अधिकारी रवीन्द्रराज पाण्डेले जानकारी दिए ।



उनका अनुसार उनीहरु स.१०प. ६१७७ मोटरसाइकलमा दक्षिणतर्फबाट आएर लक्ष्मी डेरी अगाडि मोटरसाइकल रोकेका थिए । भीत्र प्रवेश गरी एकआपसमा कुराकानी गरिरह्दा प्रहरीलाई शंका लागेको थियो ।

उनीहरुले बोकेको झोलाभित्र तौल गर्ने डिजिटल मेसिनसहित खैरो हिरोइन बरामद गरेको थियो ।

त्यसपछि प्रहरीले अनुसन्धन गर्दै जाँदा उनीहरु बस्ने कोठाबाटसमेत ८.७२ ग्राम खैरो हिरोइन बरामद गरेको थियो । उनीहरुमाथि जिल्ला अदालत धनुषाबाट दश दिनको म्याद थप गरी प्रहरीले अनुसन्धान गरिरहेको छ । उनीहरु कारोबारी रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

# लामो समय पछि नागरिकता पाउँदा दङ्ग

**टुडे समाचारदाता**

कलैया । कलैया उपमहानगर वडा नम्बर १, राजदेवी टोलकी बिनिता कुमारी गुप्ता उमेरले २३ वर्ष भइन् । स्नातक तहको पढाई सकेकी गुप्ताको जागिर खाने, बैंकमा खाता खोल्ने सपना नागरिकता नभएकै कारण पूरा हुन सकेको थिएन ।



२०७६ सालमा नागरिकताका लागि सबै प्रक्रिया पुऱ्याए पनि उनले नागरिकता पाउन सकिनन् । तर बुधबार जिल्ला प्रशासन कार्यालय बाराबाट नागरिकता पाउँदा गुप्ता दङ्ग थिइन् ।

नागरिकता पाएसँगै अब उनलाई सरकारी जागिर खान, बैंक खाता खोल्न, विदेश जान बाटो खुलेको छ । 'नागरिकता नहुँदासम्म देशमै अनागरिक भएर बस्नु परेको पीडा थियो,' गुप्ताले भनिन्, 'नागरिकता पाएर एकदमै खुसी छु ।'

नागरिकता सम्बन्धी नयाँ विधेयक अनुसार जन्मसिद्धका सन्तानलाई नागरिकता वितरण सुरु गरिएको दिन आइतबार नै टोकन लिएकी गुप्ताले बुधबारमात्रै नागरिकता प्रमाणपत्र हात पारिन् । उनले भनिन्, 'सबै कागजपत्र पूरा भएर पनि हामीले ५ दिनसम्म धाउनुपऱ्यो, सर्जमिन मुचुल्काका लागि २ दिन वडामा धाउनुपऱ्यो, बल्लतल्ल बनायौँ ।'

बुधबार गुप्तासँगै उनका भाइ रोशनकुमार गुप्ता र बहिनी नेहा कुमारी गुप्तासहित एकै परिवारका ३ जनाले नागरिकता पाएका छन् । ३ दिदीबहिनी र २ दाजुभाइ गरी ५ जनामध्ये बाँकी २ जनाको नागरिकताका लागि शुक्रबार आवेदन दिने गुप्ताले जानकारी दिइन् ।

फेटा गाउँपालिका-७, कञ्चनपुरका रमेश साह कानु उमेरले ३२ वर्ष भए । नागरिकता नहुँदा बैंकमा खाता खोल्न, व्यवसाय चलाउन, छोराछोरीको जन्मदर्ता गराउन धेरै समस्या झेलेका साह कानु नागरिकता पाउँदा एकदमै खुसी लागेको बताउँछन् । 'यत्रो वर्ष नागरिकताविहीन भएर बस्यौँ, नेपाल सरकारले बल्ल हामीलाई नागरिकता दिएको छ, एकदमै खुसी लागेको छ, नेपाल सरकारलाई मेरोतर्फबाट धन्यवाद,' कानुले भने, 'यदि कसैले झुटा विवरणका आधारमा नागरिकता लिन्छ भने सरकारले कारबाही गरोस् तर नेपाली नागरिकलाई समयमै नागरिकता दिनुपर्छ ।'

कानुले नागरिकताका लागि आमाबुबाको नागरिकता, जग्गाको लालपुर्जा, बिजुली, खानेपानीको शुल्क बुझाएको कागजपत्र, जन्मदर्ता, शैक्षिक प्रमाणपत्र सबै पेस गरेका छन् । 'बाजे भारतबाट आउनुभएको हो, बुबा नेपालमै जन्मेको हो, उहाँको निधन भइसकेको छ,' उनले भने, 'हामीले नागरिकता नपाएर धेरै दुःख पाएका थियौँ, बैंकमा खाता खोल्न पाइएको थिएन, बच्चाहरुको जन्मदर्ता छैन, कुनै व्यवसाय गर्न पाएको छैन, नागरिकता नहुँदा धेरै समस्या थियो ।'

रमेश साह कानुका बुबाआमा दुवैको नागरिकता २०६३ सालको टोलीमा बनेको हो । कलैया उपमहानगर-५ घुसुकपुर टोलका बादल कुमार चौधरी पनि बुधबार नागरिकता पाउँदा अत्यन्तै खुसी देखिन्थे । 'साइन्स पढ्न मन थियो, नागरिकता नहुँदा अरु विषय पढ्नुपऱ्यो, नागरिकता नभएका कारण मोटरसाइकलको लाइसेन्स पनि थिएन, विदेश जान आवेदन पनि दिन सकेको थिइनँ,' चौधरीले भने, 'आज नागरिकता पाएँ, अब मोटरसाइकलको लाइसेन्स बनाउँछु, जागिर खान, बैंक खाता खोल्न पनि सजिलो हुन्छ, खुसी लागेको छ ।'

चौधरीको मामाघर भारतको रक्सौल हो । उनका बुबाआमाले पनि २०६३ सालको टोलीमा नागरिकता लिएका थिए । कलैया-१ का रोशन कुमार गुप्ताले आइतबार नै सम्पूर्ण कागजपत्र जुटाएर वडा कार्यालयको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा आवेदन दिएका थिए । 'नागरिकताका लागि आएको आज पाँचौं दिन भयो, मेरो टोकन नं ११ थियो सबै काजग पनि पुगेको थियो तर कर्मचारीले केमा चित्त नबुझेर हो, सर्जमिन मुचुल्का काटे, वडाले मुचुल्का दिन २ दिन लाग्यो,' उनले भने ।

गुप्ताले नागरिकता लिन कर्मचारीहरुले धेरै दुःख दिएको गुनासो गरे । 'सबै कागजपत्र पुगेको छ भने किन दुःख दिनु ?' उनले भने, 'बुबाआमाको नागरिकता, बिहे दर्ता, जन्मदर्ता, नाता प्रमाणित, लालपुर्जा, बुबाको व्यवसायको सक्कल कागजपत्र बुझाउँदा थप मुचुल्का उठाएर ल्याउन पत्र काटेका छन् ।' थप मुचुल्कामा वडाध्यक्षको हस्ताक्षरका लागि दुई दिन धाउनुपरेको उनले सुनाए ।

गुप्ता, कानु र चौधरीजस्तै बुधबारसम्म जिल्ला प्रशासन कार्यालय बाराबाट ८० जनाले जन्मसिद्ध आधारमा नागरिकता लिएका छन् । बुधबारसम्म १ हजार ५ सयले टोकन लिए पनि जिल्ला प्रशासन कार्यालयमा कर्मचारी अभाव, मिटरव्याजीको उजुरीको चाप, बंशज र अंगीकृत आधारमा नागरिकता वितरण, राहदानी लगायत अन्य कामको चापको कारण छिटो छरितो गर्न नसकिएको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ ।

२०६३ सालको नागरिकता वितरण टोलीबाट जन्मसिद्धका आधारमा बारामा करिब १४ हजारले नागरिकता पाएका थिए । जसमध्ये केहीको बसोबास भारततर्फ रहेको र हाल पुनः छोराछोरीको नागरिकताका लागि नेपालतर्फ आएको बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए ।

'केहीले २०६३ सालदेखि घरभाडामा बसेका छौं भनेर घरभाडा सम्झौताको कागज लिएर आएका छन्,' उनले भने, 'त्यस्तोको हकमा नागरिकता दुरुपयोग हुनसक्छ कि भनेर हामीले छानबिन गरेरमात्रै नागरिकता दिएका छौं ।' सीमावर्ती जिल्लामा नागरिकता वितरण अत्यन्तै समवेदनशील देखिएको स्थानीय प्रशासनले जनाएको छ । 'जन्मसिद्ध नागरिकका सन्तानहरुको हकमा एकै दिनमा नागरिकता दिनुभन्दा उहाँहरुले पेस गरेका कागजपत्र प्रमाणित गरेर मात्रै हामीले नागरिकता दिएका छौं,' प्रजिअ सापकोटाले भने ।

वडाबाट सिफारिस पठाउँदा वडाध्यक्षहरु पनि द्विविधामा परेको र विवरणहरु पनि स्पष्टसँग नपाठाएकाले केही ढिला भएको सापकोटाले जनाए ।

# उदयपुरलाई गोल्डकपको उपाधि

**टुडे समाचारदाता**

राजविराज । यहाँ संचालित प्रथम राजविराज मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि उदयपुरले कब्जा गरेको छ । शनिबार राजरंगशालामा भएको फाइनल खेलमा धनुषालाई २-० गोल अन्तरले हराउँदै उदयपुरले उपाधीमाथि कब्जा जमाएको छ ।



जितसँगै उदयपुरले १ लाख ५० हजार नगद पुरस्कार हात पारे । यस्तै उपविजेता धनुषाले एक लाख नगद पुरस्कार प्राप्त गरे । पहिलो हाफको ३१ औं मिनेटमा उदयपुरका विशाल चौधरीले गोल गर्दै टिमलाई एक गोलको अग्रता दिलाए ।

त्यसको १० मिनेट नबित्दै उदयपुरका कृपा चौधरीले अर्को गोल थप्दै अग्रता दोब्बर पारे । धनुषाले गोल फर्काउन निकै प्रयास गरे पनि सफल हुन सकेन् ।

प्रतियोगिता समाप्तीपछि जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिनले विजेताहरुलाई कप, प्रमाणपत्र र नगर पुरस्कार बितरण गरे ।

राजविराज नगरपालिकाको सहयोग तथा जिल्ला फुटबल संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कुल ८ टिमको सहभागिता थियो ।

समापनका अवसरमा फुटबलका पूर्व सिनियर खेलाडी जिवन श्रेष्ठ, श्रीलाल देव, आलोक विश्वास, जितेन्द्र नारायण देव, हिरण्यराज भण्डारी, मनोज माझी, हरिनारायण मण्डल तथा जिल्ला खेलकुद विकास समितिका सेवा निवृत कर्मचारी तृप्ति नारायण साहलाई कार्यबाहक प्रमुख परबिनले प्रमाणपत्र र दोसल्लाबाट सम्मान गरेकी थिइन ।

प्रतियोगिताको बेस्ट मिड फिल्डर उदयपुरका आशिष चौधरी, बेस्ट डिफेन्डर सप्तरीका बिमल राई, उत्कृष्ट खेलाडी उदयपुरका बिशाल चौधरी, उत्कृष्ट गोलरक्षक उदयपुरमा रेम्बो चौधरी, सर्वाधिक गोलकर्ता धनुषाका दिनेश होम्जोङ र उत्कृष्ट प्रशिक्षक उदयपुरका संजय चौधरी घोषित भएका छन् ।

# मधुमेह र थाइराइडको निःशुल्क शिविर




**टुडे समाचारदाता**

जनकपुरधाम । मंगलम डाइग्नोष्टिक सेन्टर जनकपुरधाम शाखाले आफ्नो दोश्रो निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ । जनकपुरधाम- १० देवी चोकमा सम्पन्न शिविरमा ६६ जना महिला र ४१ जना पुरूषले रक्त चेक जाँच गरेको मंगलमले जनाएको छ ।

शिविरमा मधुमेह र थाइराइडको निःशुल्क चेकजाँच भएको छ । विगत एकदशक पूर्वदेखि पर्सा स्थित वीरगञ्जमा सेवा दिदै आइको मंगलम डाइग्नोष्टिक सेन्टरले आफ्नो शाखा विस्तारको क्रममा गत महिना मात्र जनकपुरधाममा शाखाको विधिवत शुभारम्भ गरेको थियो ।'मंगलमका कर्मचारी नरेश लाभले भने,'हाम्रो उद्देश्य मात्र पैसा कमाउनु होइन समाजलाई केही दिने पनि हो , त्यसैले निःशुल्क शिविरसगै आफूहरुले अन्य जाँचमा पनि २० प्रतिशत छुट दिने गरेको बताए ।

शिविरमा पुरुष भन्दा बढी महिलाहरहरू उपचारको लागि आएको जनाइएको छ । गरीब,असहाय र विपन्नलाई अवस्था हेेर संस्थाले निःशुल्क जाँचसमेत गर्ने गरेको र समाजलाई यस बाट फायदा हुने गरेको मंगलम डाइग्नोष्टिक संचालन समितिको दाबी छ।

# सिलाइकटाइ मेसिन प्रदान

**टुडे समाचारदाता**

मलंगवा । कलिलै उमेरमा इँटा भट्टामा गएर मजदुरी गर्न बाध्य सर्लाहीको हरिपुर नगरपालिका-७ चिताइनकी शिला माझीलाई शनिबार सिलाइकटाइ मेसिन प्रदान गरिएको छ । मुसहर समुदायको उत्थानमा क्रियाशील साउथ एशिया पार्टनशीप नेपाल (साप-नेपाल) ले माझीलाई हरिपुर ७ का वडाध्यक्ष मनोज चौधरीको उपस्थितिमा सिलाइकटाइ मेसिन हस्तान्तरण गरेको छ । नेपालगञ्ज, काठमाण्डु, नुवाकोटलगायतमा ठाउँमा रहेका इँटा भट्टामा गएर मजदुरी गर्न बाध्य शिला केही समयदेखि गाउँमै रहेको र उनले मेसिन भइदिए गाउँघरमै बसेर कपडा सिलाउने काम गर्ने इच्छा व्यक्त गरेकाले संस्थाले मेसिन खरिद गरेर हस्तान्तरण गरेको साप-नेपालका प्रादेशिक संयोजक जनक कार्कीले बताए ।



उनका अनुसार शिलाका बुवाआमा सिन्धुलीमा मजदुरी काम गर्ने र एउटा भाइ अरविन्द माझी काठमाडौंमा लेबर काम गर्छन् । त्यस्तै, अर्को भाइ अनिल माझी झापाको विर्तामोडमा इँटा भट्टामा काम गर्न जाँदा ४ वर्षदेखि बेपत्ता छन् । मुसहर बस्तीमा अन्य किशोरी भन्दा शिला सक्रिय र केही काम गरेर आयआर्जन गर्ने खालको देखेपछि संस्थाले सिलाइकटाइ मेसिन किनेर दिएको कार्कीले बताए । साप-नेपालले सोही कार्यक्रममै चिताइन र हरिपुर २ हात्तिसारमा रहेको सामुदायिक भवनमा राख्नका लागि दुईवटा पंखा र हात्तिसारमै बालबालिकालाई ट्यूसन पढाउनका लागि एउटा ह्वाइट बोर्ड प्रदान गरेको छ । यस्तै, शनिबार नै हरिपुर ५ असनमा गाउँमा १० घर मुसहरलाई बंगुर प्रदान गरिएको छ । संस्थाले ७० हजार रुपैयाँमा १० घरलाई बंगुर खरिद गरेर हस्तान्तरण गरेको छ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : धन बृद्धि सञ्चय । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर

प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर

प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर

प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘सीपलाई उद्योगसँग जोड्न आवश्यक’




टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशका उद्योग,वाणिज्य तथा पर्यटनमन्त्री सुनिता कुमारी यादवले आर्थिक तथा सामाजिक अवस्थामा सुधार गर्न महिलाहरूलाई उत्पादनसंग जोड्न आवश्यक भएको बताएकी छन् ।

नेपाल सरकारको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र काठमाण्डुले जनकपुरधाममा आयोजना गरेको निकासीयोग्य वस्तुको उत्पादनका लागि क्षमता वृद्धिका साथै ब्राण्डिङ्ग, प्रशोधन, प्याकेजिङ्ग एवं गुणस्तर नियन्त्रण सम्बन्धी प्रशिक्षणमा सहभागी महिलाहरूलाई प्रमाणपत्र वितरण गर्दै सो कुरा बताएकी छन् ।

उनले महिलाहरूलाई आर्थिक रुपमा सबल बनाउनका लागि मिथिलाका महिलाहरूले घर घरमा उत्पादन हुने अदौरी, दनौरी, तिलौरी, चरौरी, कुम्हरौडी, अरिकोच जस्ता खाद्यान्नको परिकारहरूको वैज्ञानिक उत्पादन तथा प्रशोधनका साथै बजारीकरण हुन आवश्यक भएको बताइन् । मन्त्री यादवले सीपलाई उद्योगसँग जोड्न सके मधेशका महिलाहरूमा रहेको पछौटेपनाको समस्याको अन्त्य हुनुका साथै आत्मनिर्भर बनाइ महिलामाथि हुने हिंसामा कमी ल्याउन सकिने बताइन ।

इन्जिनियर प्रकाश झाको अध्यक्षतामा भएको कार्यक्रममा प्रशिक्षार्थी अर्पणा देवी मिश्रले सिकेका ज्ञानलाई कार्यरुपमा उतार्न र उत्पादनलाई व्यवसायिक बनाउन मेसिन तथा प्रविधि आवश्यक भएको बताइन् ।

# नागरिकता प्राप्तिको संघर्षमा भारतको महत्वपूर्ण सहयोग : अध्यक्ष यादव

टुडे समाचारदाता

जनकपुरधाम। जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष तथा प्रतिनिधिसभा सांसद उपेन्द्र यादवले लामो लडाइपछि नागरिकताको अधिकार प्राप्त भएको बताएका छन् ।

शनिबार इण्डो-नेपाल डाक्टरर्स फोरमले आयोजना गरेको विधान र उद्देश्य लोकार्पण कार्यक्रमकमा उनले सो कुरा बताएका छन् ।

नागरिकता प्राप्तिको संघर्षमा भारतको पनि महत्वपूर्ण सहयोग रहेको उनले बताए। ‘नागरिकताको अधिकार धैरै लामो लडाइपछि प्राप्त भएको छ।

अब नागरिकता समस्या समाधान भएको छ,’उनले भने,‘यस लडाइमा भारतको पनि सदभाव र सहयोग रहेको छ ।’ दुबै देशको मित्रताकै कारण मधेश आन्दोलनले उपलब्धि पाएको उनले स्मरण गरे ।

राजनीतिक, आर्थिक र सामाजिक रुपमा सहयोग गर्दै आएको भारतले अब मेडिकल क्षेत्रमा पनि उल्लेखनीय सहयोग गर्ने उनको विश्वास छ ।

‘मेडिकलदेखि अधिकार प्राप्ति संघर्षमा पनि भारतसँग सँगै छ,’उनले भने,‘चिकित्सा क्षेत्रको सम्बन्ध पनि उचाइ लिने छ। नेपाल-भारतको सम्बन्ध थप प्रगाढ हुने छ ।’



दुबै देशको चिकित्सकले बनाएको संगठनले झन बलियो हुने उनको अनुमान छ। भारतको चिकित्सकहरुले नेपालमा अवसर निर्माणदेखि मेडिकल क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले सुनाए । काठमाण्डुको वीर होस्पिटलमा पनि दुबै देशको सहकार्य उल्लेखनीय रहेको उनको कथन छ।

‘विगतमा भारतकै चिकित्सकहरुले नेपालमा सेवा दिने गरेको थियो। अहिले पनि भारतको दरभंगासहितको शहरमा नेपाली विद्यार्थी र उपचार गराउने मानिसको भीड हुन्छ,’उनले भने,‘नेपालमा पनि भारतीय बिरामी उपचार गराउन उल्लेखनीय सहभागितामा आउने गरेको छ। चितवनको भरतपुरमा पनि विहारको धैरै विरामी उपचारको लागि आउँछ।’

नेपाल-भारतको सम्बन्धमा दुबै देशको चिकित्सकको संगठनले माइल स्टोनको रुपमा काम गर्ने उनले जिकिर गरे। नेपालको हरेक अनुरोधमा भारतले सहयोग गरेको उनले बताए।

# भाटभटेनीमा अत्यधिक भीडभएपछि बन्द

टुडे समाचारदाता

जनकपुरधाम । भाटभटेनी सुपर स्टोर जनकपुरधाममा शनिबार उपभोक्ताको अत्याधिक भीड भएपछि स्टोर ३ बजे नै बन्द गरिएको छ।

२५ औँ स्टोरको रुपमा यही असार ६ गतेदेखि मधेश प्रदेशको राजधानी जनकपुरमधाममा सन्चालनमा आएको सो स्टोरमा शनिबार उपभोक्ताको अत्यधिक भीड बढेपछि स्टोरका साथै वालबालिका, वृद्ध तथा महिलाहरुको समेत सुरक्षालाई ध्यानमा राखी शनिबार ३ बजेदेखि नै स्टोर बन्द गर्नु परेको भाटभटेनीका क्षेत्रीय व्यवस्थापक विनोद भट्टराईले जानकारी दिए।

शनिबार भएकाले धैरै नै भीड बढ्दै गएपछि सुरक्षाका कारण ३ बजे नै स्टोर बन्द गर्नुपर्‍यो ।




यसरी भीड बढेर दिउसो नै बन्द गर्नुपरेको भाटभटेनीको इतिहासमा यो पहिलो घटना हो, उनले भने । आइतबारबाट भने नियमित समयदेखि नै स्टोर खुल्ने व्यवस्थापक भट्टराईले बताए।

हामीलाई संकट आइपरेका बेला पनि ग्राहकले देखाएको मायाप्रति आभारी छौं। स्टोर बन्द भएपछि पनि हजारौं ग्राहकहरु आफूहरुले प्रवेश पाउनुपर्ने भन्दै गेट र सडक वरिपरि बसिरहेका थिए। २ अर्ब बढीको लगानीमा जनकपुरधाम उपमहानगरपालिका -१४ मुजेलिया, शहीदद्वार नजिकै स्थापना भएको यस स्टोर १ विघा १० धुर क्षेत्रफलमा बनेको छ।

२ लाख बढी वर्गफुट सपिङ स्पेस रहेको यस स्टोरमा २०० बढी स्थानीयले प्रत्येक्ष रोजगारी पाएका छन्।

ग्रोसरीमा १० प्रतिशत र इलेक्ट्रिक सामानहरुमा २० प्रतिशत सम्म नगद छुटसँगै फ्रि होमडेलिभरी सुविधा पनि दिएको भाटभटेनीले जनाएको छ।

जनकपुरमा २५औं स्टोर सञ्चालनमा ल्याएर काठमाडौं फर्किएका प्रबन्ध निर्देशक मीनबहादुर गुरुङ ललिता निवास प्रकरणमा केही दिन देखि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीको नियन्त्रमा रहेका छन्।

# जेसीजको सचिवालयमा तालाबन्दी

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुर जेसीजमा नयाँ सदस्यता सम्बन्धी विषयमा विवाद उत्पन्न भएपछि तालाबन्दी गरिएको छ।

अध्यक्ष अभिषेक चौधरीले विधानविपरीत नयाँ सदस्यता थपेपछि राहुल निधि, सदस्यहरू राजेश ठाकुर, राजेश मण्डल र लक्ष्मण महतोले तालाबन्दी गरेका छन् ।

अध्यक्ष चौधरीले विधानविपरित नयाँ सदस्यता थपेको कार्यसमितिका एक पदाधिकारीले आरोप लगाएका छन्। सन् २०२० को साधारणसभाबाट




जेसीजको सचिवालयमा तालाबन्दी गरिएको छ।

अध्यक्ष चौधरीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै जेसीजका कार्यकारिणी उपाध्यक्ष प्रत्येक वर्ष बढीमा ३० जना नयाँ सदस्य थप्ने व्यवस्था गरे पनि अध्यक्ष चौधरीले आफूखुशी १४७ जना सदस्य थपेको ती पदाधिकारीको भनाइ छ। ‘सन् २०२० को साधारणसभाले हरेक वर्ष बढीमा ३० जना नयाँ सदस्य थप्न सकिने व्यवस्था गरेको छ। तर, अध्यक्ष चौधरीले विधानको व्यवस्थासमेत मिचेर १४७ जना नयाँ सदस्य बनाएका छन्,’ उनले भने, ‘ बोर्ड मिटिङमा समेत राम्ररी छलफल भएको छैन। जवर्जस्ती निर्णय लाद्ने काम गरिएको छ।’

विधानविपरित गएर थपिएका नयाँ सदस्यहरूलाई स्वीकार्य गर्न नसकिने उनले बताए । भोटको राजनीति गर्न अध्यक्षले विधान मिचेर नयाँ सदस्यता वितरण गर्न लागेको पदाधिकारीहरूले आरोप लगाएका छन्।

सन् २०२० मा विधान संशोधन भएर हरेक वर्ष बढीमा ३० जना नयाँ सदस्य थप्ने व्यवस्था गरिएको भए पनि अध्यक्षले यसलाई मिचेको उनको आरोप छ।

जनकपुर जेसीजमा सन् २०२१ मा संशोधित विधान बमोजिम नै नयाँ सदस्यता वितरण भएको थियो । सन् २०२२ मा विवादका कारण नयाँ सदस्यता नबाँडिएको र अहिले एकैपटक १४७ जनालाई नयाँ सदस्यता दिन लागिएको उनको भनाइ छ।

# वडा कार्यालयमा आगजनीको प्रयास

टुडे समाचारदाता

जनकपुरधाम । क्षीरेश्वरनाथ नगरपालिकाको वडा नं. ८ मा अज्ञात समूहद्वारा आगजनीको प्रयास भएको छ।

गत राति करीब १२ देखि २ बजेको बीचमा अज्ञात समूहद्वारा सीतानगरमा रहेको वडा कार्यालयको भवनको ढोकामै मोबिल छर्केर आगो लगाउने प्रयास गरिएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ।

प्रहरीका अनुसार वडा कार्यालयको ढोकामा लगाइएको ताल्चासमेत फोड्ने प्रयास भएको थियो । यसका बाबजुद वडा कार्यालयमा ठूलो क्षति नपुगेको प्रहरीले जनाएको छ।

घटनामा संलग्न रहेको आरोपमा इलाका प्रहरी कार्यालय



महेन्द्रनगरले एक जना व्यक्तिलाई नियन्त्रणमा लिएको छ । यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# वालुवासहित सवारी नियन्त्रणमा

टुडे समाचारदाता

जनकपुरधाम । जथाभावी खोला उत्खनन् कार्यमा संलग्न दुई वटा सवारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

शनिबार क्षीरेश्वरनाथ नगरपालिका ७ स्थित जलाद खोलाबाट ट्र्याक्टर नियन्त्रणमा लिइएको छ। इलाकाप्रहरी कार्यालय महेन्द्रनगरबाट अनुगमनमा खटिएको प्रहरी टोलीले अन टेस्ट दुबै ट्र्याक्टरलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

ट्र्याक्टरमा वालुवा लोड गरिएको छ । प्रहरीको टोली देख्नसाथ चालक र कामदारहरु फरार भएको थियो।

प्रहरीले सवारी धनीलाई खोजी गरी कारबाही गर्ने तयारी थालेको छ। सोही कारण सवारी नियन्त्रणमा



लिइ थप अनुसन्धान अगाडि बढाएको बताइएको छ। पछिल्लो समय प्रहरीलगायत सरोकारबला निकायले जथाभावी भइरहेको खोला उत्खननमा कडाइ गरेका छन्।

# ठूलो परिमाणमा गाँजा बरामद

टुडे समाचारदाता

कलैया । बारा प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ।

जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिका-७ स्थित जीतपुर-वीरगञ्ज सडक खण्डमा पार्किङ गरेर राखेको भारतीय नम्बरको ट्रकबाट २६२ किलो गाँजा बरामद गरिएको छ।

इलाका प्रहरी कार्यालय सिमरा र प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले ट्रकमा खानतलासी गर्दा सो परिमाणको गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए । असार




१४ मा मकवानपुरबाट वीरगन्जतर्फ जाँदै गरेको ट्रक चालकले जीतपुर-वीरगञ्ज सडकमा पार्किङ गरेर छाडेका थिए।

बिआर-२५ जिए १४५८ नम्बरको ट्रकको छतभन्दा तलको भागमा गाँजा कारोबारीले फल्ट बटन बनाएर गाँजा लोड गरेका थिए।

वीरगञ्ज भन्सारबाट खाली नेपालतर्फ आएको सो ट्रक गाँजा लिनकै लागी मकवानपुर पुगेको प्रहरीको अनुसन्धानबाट पत्ता लागेको बताइएको छ। ट्रक चालक र धनीको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# लामो खडेरीले धानको उत्पादनमा कमी हुने

कलैया । लामो समयदेखि वर्षा नभई खडेरी परेको हुँदा भदैया धानको उत्पादन हुने क्षेत्रफलमा किसानले रोपाइँ गर्न नसक्दा उत्पादनमा कमी आउने भएको छ।

आर्थिक वर्ष २०८०/८१ का लागि कृषकले विभिन्न जातका भदैया धान ११ हजार नौ सय पाँच हेक्टर क्षेत्रफलमा खेती गर्ने लक्ष्य लिएकामा खरेडी पर्दा र समयमा धानको बीउ तयार हुन नसकेकाले हालसम्म कृषहले १० प्रतिशतमात्र रोपाइँ गर्न सकेको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत राजनारायण प्रसादले जानकारी दिनुभयो। भदैया धानको क्षेत्रफलमा कमी भए पनि अगहनी धानको क्षेत्रफलमा भने वृद्धि हुने उहाँले बताउनुभयो।

गत वर्ष कृषकले विभिन्न जातका भदैया धान ११ हजार नौ सय पाँच हेक्टर क्षेत्रफलमा प्रति हेक्टर चार दशमलव तीन प्रतिशतले धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख जितेन्द्र यादवले जानकारी दिनुभयो।

कलैया उपमहानगरपालिका-१४ भैराका किसान गोपालदास बैरागी र कलैया उपमहानगरपालिका-२ का किसान प्रभु यादवका अनुसार खरेडीका कारणले अहिलेसम्म रोपाइँ हुनुपर्ने बेलामा बीउ नै रोपाइँयोग्य नभएको हुँदा आफूहरूलाई समस्या भएको बताउनुभयो। रासस


● भवन निर्माण गर्दा भवन आचारसंहिताको पूर्ण रुपमा पालना गरौं ।

● प्रादेशिक सडक निर्माणको लागि **‘एक निर्वाचन क्षेत्र एक सडक’** कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा ५/५ कि.मी. सडक कालोपत्रे गरिने प्रदेश सरकारको गौरव आयोजनाको रुपमा रहेकोले यसको पूर्ण कार्यान्वयनमा सहयोग गरौं ।

● पालिकाको केन्द्रहरुलाई प्रदेश राजधानीसंग पक्कि सडक संजाल मार्फत वैदेशिक सहयोगमा **‘प्रादेशिक एवम् स्थानीय सडक सुधार कार्यक्रम’** संचालन गरिने नीति रहेकोले यसमा सबैले सहयोग गरौं ।

● सडक, पुल तथा भौतिक पूर्वाधार निर्माण कार्य गुणस्तरीय तथा मापदण्ड बमोजिम गरौं ।

मधेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम, नेपाल



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# विश्वास गुमाउँदै संवैधानिक निकाय

नेपालको राजनीतिमा देखिएको फोहरले संबैधानिक अंगहरुलाई पनि अति नै फोहर बनाएको छ । सर्वोच्च न्यायालय,अख्तियार दुरुपयोग अनुसन्धान आयोग,निर्वाचन आयोग, राजस्व विभागलगायत देशका अत्यन्त महत्वपूर्ण निकायका उच्चपदस्थ व्यक्तिहरु भ्रष्टाचारको आरोपमा बर्खास्त र थुनामा पर्न थालेका छन् । पछिल्लो पटक अख्तियारका पूर्व प्रमुख आयुक्त विरुद्ध भ्रष्टाचारको आरोपमा पक्राउ पुर्जी जारी भएको छ । तल्लो निकायमा भ्रष्टाचार हुनु त अब स्वभाविक नै मान्नुपर्छ । हालै देशका एकजना पूर्व उपप्रधानमन्त्री र एकजना पूर्व गृहमन्त्री पुर्पक्षका लागि थुनामा परेका छन् । त्यस भन्दा पनि नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने क्रममा अझै ठूलाहस्तीहरु पक्राउ पर्नसक्ने सम्भावना जीवितै छ । लाउडा विमान प्रकरण, कोभीडमा औषधि खरिद प्रकरण, माओवादी लडाकु कन्टोनमेन्टको छानविन पनि चर्चामा रहेकै छ । भ्रष्टाचारमा नमुछिएका कमै मात्र नेता होला । त्यसको प्रभाव संवैधानिक निकायहरुमा व्यापक परेको छ । हरेक निकायमा नियुक्ति सरकारले नै गर्छ । राजनीतिक आस्था र लेनदेनको आधारमा हुने नियुक्ति नै भ्रष्टाचारको जननी हो । शक्तिकेन्द्रहरुमा मोटो रकम बुझाएर लाभको पद पाउनेहरुले बुझाएको भन्दा धेरै बढी असुली गर्न खोज्छन् ।नियुक्तिका लागि लगानी गरेको रकम असुली र पदमा टिकिरहन नेताहरुलाई बेलाबखत भेटी चढाउनु पर्छ ।भ्रष्टाचारमा लिप्त रहेकाहरुले उच्च पद प्राप्त गर्छन् । पछि किचलो हुँदा भ्रष्टाचारको मुद्दामा जेल पर्छन् । हुनत अहिले भइरहेको अनुसन्धान राजनीतिक पूर्वाग्रह मिश्रित हो । अझै पनि नेताहरु भ्रष्टाचारमा मुछिएपछि भद्रसहमति गरी कारबाही नै रोकिने गरिएको छ । राजनीतिमा भएको भ्रष्टाचारलाई नियन्त्रण नगरिएसम्म अन्य निकायमा हुने भ्रष्टाचार झन बढी मौलाउने छ । सर्वोच्चका प्रधानन्यायाधीशमाथि लाग्ने गरेको महाअभियोग, अख्तियारका प्रमुख आयुक्तलाई पक्राउ पुर्जी लगायतका प्रकरणले देशमा न्यायलयसहित संवैधानिक निकायहरुप्रति जनविश्वास घटन थालेको छ । संवैधानिक निकायबाट हुने कामकारबाही निष्पक्ष नभएको जनगुनासो बढन थालेको छ । सर्वोच्चको न्यायप्रणालीप्रति जनताको विश्वास उठेको छ । संवैधानिक निकायहरुप्रतिको विश्वास घटन थालेकाले देशमा अराजकता उत्पन्न हुन सक्छ ।हाल भइरहेको कारबाहीले सरकारको लोकप्रियता बढन थाले पनि संवैधानिक निकायहरुको अवस्था कमजोर हुन थालेको छ । नेपाल सरकारले संवैधानिक निकायहरुलाई समेत निगरानी गरी आर्थिक अपचलनलाई रोक्नुपर्छ । संवैधानिक निकायप्रतिको विश्वास फर्काउन सरकारले इमान्दारीपूर्वक दक्ष व्यक्तित्वलाई राजनीतिक र आर्थिक स्वार्थ भन्दा माथि उठेर नियुक्ति गर्नुपर्छ । त्यसरी नियुक्त हुने व्यक्तित्वले सरकार अथवा कुनै धनाढय व्यक्तिका लागि नभइ समग्रमा देशवासीका लागि कार्य गर्नुपर्छ । राष्ट्रहितका लागि काम गर्दा दबाब र प्रभावबाट मुक्त हुनुपर्छ । अहिले संवैधानिक निकायका पदाधिकारीहरुले संस्थाप्रति नागरिकको विश्वास आर्जन गर्न सक्नु महत्वपूर्ण विषय हो । संवैधानिक निकाय नै कमजोर भएकाले भ्रष्टाचारको सञ्जाल बलियो बनेको छ । त्यसलाई भत्काउन सरकारले इमान्दारीपूर्वक र स्वतन्त्र रुपमा काम गर्न दिनुपर्छ ।

# राष्ट्रिय धान दिवस र धानको अवस्था



**डा. श्रीभगवान ठाकुर**

**धान दिवसको परिचय**

नेपालमा प्रत्येक वर्ष परम्परागत रुपमा मनाईने अषाढ १५ लाई दही चिउरा दिवसको रुपमा मनाउदै आएको छ । धर्म ग्रन्थ अनुसार कपिलवस्तुको तिलौराकोट राज्यको राजा सुदोधनले सुनको हलोले खेत जोतेर धानको रोपाई गरी आरम्भ गरेको दिन मानिन्छ । नेपालमा राष्ट्रिय धान दिवस पर्वको रुपमा २००४ दिसम्बर १४ (२०६१ मंसिर २९ गते) को मंत्री स्तरीय निर्णयले कृषि मन्त्रालयले २०६२ असार १५ गते देखि धान रोप्ने,गीत गाउने, हिलो छ्याप्ने दही चिउरा खाई मनाउने गरेको छ । संयुक्त राष्ट्र संघले ४३ राष्ट्रयहरु मिलेर २००५ लाई अन्तराष्ट्रिय धान वर्षको रुपमा घोषित गरेको थियो । सन् २००४ मा प्रथम राष्ट्रिय धान दिवसँआत्म निर्भर र समृद्धिको लागि धानको उत्पादन बढ्ढाऔं भन्ने नाराका साथ मनाइएको थियो । बिगत १९ वर्ष देखि नेपालले धानको प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम गरी धान दिवस मनाउँदै गरेको छ ।सन् २०२१ मा "धान उत्पादनमा वृद्धि खाद्य सुरक्षा, आत्म निर्भरता तथा समृद्धि भन्ने नारा राखी मनाईएको थियो भने गत वर्ष सन २०२२ मा १९औं राष्ट्रिय धान दिवस धानबालीमा जैविक विविधताको उपयोग, आयात प्रतिष्थापनमा सहयोग भन्ने नाराका साथ भनाइएको थियो ।तर अमेरिकाले सेप्टेम्बर२०लाई अन्तरराष्ट्रिय फ्राईड राईस डे"को रुपमा मनाउँछ ।

संसारभरि जलवायु परिवर्तनको नकरात्मक प्रभाव कृषि लगायतका क्षेत्रमा बढदै गई रहेकोले यस वर्ष २०औं राष्ट्रिय धान दिवसः जलवायु अनुकूलित कृषकमैत्री प्रविधि, धान उत्पादनमा बृद्धिमूलनाराका साथ देश भरि मनाइ रहेको छ । जलवायु परिवर्तनले कुल ग्राहस्थ उत्पादनमा १.५ देखि २ प्रतिशतसम्म प्रभाव पार्न सक्छ र धान उत्पादनमा २०५० सम्म ६.७ % र २०८० सम्म १२.९%ले घटने अनुमान गरिएको छ । आज धान दिवस मनाई राख्दा पानीको संकटले देशभरि जम्मा ११% धान रोपाइ भएको अवस्था छ ।

**कृषिको महत्वः**

नेपाल कृषिका लागि पर्याप्त सम्भावना भएको देश हो तर दुर्भाग्य हाम्रो पुस्तासम्म आइपुग्दा नेपाल कृषिमा दिन प्रतिदिन परनिर्भर बढदै गएको छ । कृषियोग्य जमिन मासिंदै र बाँझिँदै गएको छ । मानिसहरु जति जति गाउँबाट सहरतिर बसाइँ सरेका छन,त्यति त्यति कृषि उत्पादन पनि खुम्चँदै गएको छ । नेपालमा कृषिले ६५५ भन्दा बढी जनसंख्यालाई रोजगारी प्रदान र कुल ग्राहस्थ उत्पादनमा ३१.७%ले योगदान पुऱ्याएको छ । नेपालको कुल क्षे.फ.को २० % जग्गामा खेती गरिन्छ, जुन मुख्यतः वर्षा मौसममा आधारित छ । कुल क्षे.फ.को ४०.०%जग्गा वनले ढाकेको छ रचरीचरण १२% भागमा रहेको छ । कुल २७ लाख हेक्टर कृषि भूमि मध्ये १३ लाख (५०%) हेक्टर जग्गामा मात्र सिंचाई सुविधापुगेको छ तर बाह्रै महिना सिँचाई लाग्ने जग्गा २७ % मात्र रहेको छ ।

**धानको ईतिहासः**

धान २५०० बी.सी.मा खाद्यान (भोजन) को श्रोतको रुपमा प्रयोग भएको इतिहासमा पाईन्छ । प्रथम चीन तथा चीन वरिपरिका राष्ट्रयहरुमा, त्यसपछि भारत र श्रीलंकामा फैलिएको हो । त्यसपछि ग्रीस लगायत मध्यदेशहरुबाट, दक्षिण युरोप र उत्तर अफ्रिकाको केही मागमा फैलिएको मानिन्छ । यूरोपवाट नयाँ विश्वमा फैलिएको र पोरचुगलबाट ब्राजिल र स्पेन त्यसपछि ब्राजिल र स्पेनबाट मध्य र दक्षिण अमेरिकामा फैलिएको हो ।

धान Rice शब्द तामील भाषाको Arisi बाट उत्पति भएको हो । धान शब्द आयूर्वेदामा पहिलो पटक (५००-८००BC) मा, अनि त्यसपछि संस्कृतमा निरन्तर देखिएको पाईन्छ ।

धानको उत्पति Oryza satliva indica, O. sativa japonica को southern Eastern Asia मा त्यसैले Asian rice भनिन्छ । तर oryza glaberina धानको उत्पति western Africa मा भएको मानिन्छ ।

**धानको अवस्थाः**

कृषि बालीहरु मध्ये मुख्य बालीका रुपमा रहेको धानका लागि नेपाल पकेटक्षेत्रजस्तो हो तर दुर्भाग्य धानमा पनि परनिर्भर हुनुपर्ने अवस्था बढदै छ । वि.सं. २०२० को दशकसम्म नेपाल दक्षिण एसियामा सबैभन्दा बढी धान उत्पादन गर्ने देश थियो तर ४० / ५० वर्षको अन्तरालमा नेपाल धानमा निकै कमजोर बनेको छ । २०७८/७९ मा आइपुग्दा सबैभन्दा कम धान उत्पादन गर्ने देशको रुपमा नेपाल रहेको छ । विगत पाँच वर्ष अथति २०७४/७५ देखि २०७९/८० सम्ममा भएको धानको उत्पादनमा २०७८/७९ मा सबभन्दा न्यून उत्पादन भयो। साथै २०७९/८० मा पनि उत्पादन न्यून नै भयो। धान थन्क्याउने समयमा असिना र हावासहितको पानीले क्षति हुँदा उत्पादन घटेको थियो । धानको उत्पादन घट्दा चामल कारखानाहरु पनि बन्द हुन पुगेका छन्। विदेशबाट चामल आयात बढ्दा नेपालका करिब ५ हजार चामल कारखाना बन्द भएका छन् । धानको आपूर्ति व्यवस्थापन गरेर चामल आयात कम सकिन्छ। देशले वार्षिक रुपमा ३० अर्बभन्दा बढी रुपियाँको चामल आयात गदै आएको छ । खाद्य पोषणका आधारमा प्रतिव्यक्ति प्रतिवर्ष १३८ किलो चामल आवश्य पर्छीविगत केही वर्ष अघिदेखि लगातार चामल,धान र धानका बीउ आयात बढ्दै गएको छ । हाल नेपालको कुल आवश्यकता ८० लाख मेटिक टनको ६० प्रतिशत धान पनि आपूर्ती व्यवस्थापन भएको छैन । एक तथ्याँकअनुसार नेपालमा हाल आवश्यक पर्ने ४० लाख मे.ट.चावलमा ५ लाख मे.ट. भन्दाबढी अपुग रहेको अवस्था छ । फलस्वरुप चामलको भाउ दिनानुदिन आकाशिदै गई रहेको छ ।



धान कुल क्षेत्रफलको ४७%कृषि योग्य जमिनमा गरिन्छ । यसले ६८% उत्पादन दिन्छ । धान संसारमा १७औस्थान क्षेत्रफलमा १४ लाख ७३ हजार हे. (लगभग १५ लाख हे.२०१८) र ६४ औ स्थान उत्पादनमा ५६ लाख २१ हजार टन र उत्पादक्तव ३.५ टन/हे. जुन चीनमा ६.७र भारत बगलादेश ४.४ टन/हे. रहेको छ ।

तर नेपालको तराई मधेशको समथर, उब्जाउ, मशीन लगाउन तथा ढुवानी गर्न सजिलो भूभाग धान खेतीको लागि प्रवल संभावना रहेको अवस्थामा यहाँको लगभग ७५%बीउ बाहिरबाट आपूर्ति हुने, वर्षामा निर्भर रहने, समयमा गुणस्तरीय पर्याप्त मल प्राप्त नहुने, अवस्थाअनुसारका प्रविधि तथा मशीन उपकरणका साथै सर्मथन मूल्य, बीमा सहितको बजारीकरण नहुँदा कृषकहरु निरुत्साहित हुन पुगेको छ ।

**धान (चामल) को महत्व**

धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक मूल्य मान्यता बोकेको वस्तु धान र चामल हो । साँस्कृतिक रुपले नुआरन, छठियार, पासनी, व्रतबन्ध, विवाह, श्राद्ध, अनेक पूजापाठ, छठ, नागपञ्चमी, तिला संक्रान्त, तिहार, खानेकुरामा भात बाहेक, खिचडी, गलहति, विरामी निको हुदाँ पंथ, खिर, चिउरा, भुजा, मुरही, मालपुवा, बगिया, पुरी, कसार, लाई लड्डु, मलिदा, सेल रोटी, पोलाव, विरआनी, आदि परिकारहरु हाम्रो भान्सामा प्रयोग गरिन्छ । दान, चन्दा, भिक्षा, बनी बुत्तो, कर्जा, राजस्व, सापटी पैचो, महिलाहरुलाई बिहे तथा बिदाबारीमा साईतको रुपमा खोइँछा पनि धान र चावल नै दिइने गरिन्छ ।

चामल (धान) उर्जा (calorie) के मुख्य स्रोत हो, संसारका भात खाने मानिसहरुको जनसंख्याआधि भन्दा बढि -करीब चार अर्व मानिसहरु)कोमुख्य भोजन रहेको छ । चामलमा रेसा प्रोटिन, भिटामिन वी, फलाम, खनिज तत्व पाईन्छ ।चामलले २७% क्यालोरी प्रदान गर्नाले कुपोषण घटाउन ठूलो भुमिका रहेको छ ।१०० भन्दा वढी देशहरुमा ९०% भन्दा बढी उत्पादन एसियाबाट हुन्छ ।

संसार भरि सन् २०१६ मा ५० करोडटन धानको उत्पादन भएको थियो र २०३० सम्म ५५ करोड टनको आवश्यक्ता रहेको छ । धान उँखु र मकै पछि तेश्रो कृषि उत्पादन वस्तु हो । धान खेती सस्तो मजदुर भएको रबढी वर्षा हुने राष्ट्रहरुमा गरिन्छ । धानले ४%हरित गृहग्यास उत्सर्जन गर्दछ । एक कि.ग्रा चामल उत्पादन गर्न ३-५ हजार लिटर पानीको आवश्यकता तर गेहुँको लागि १०१० ली. र उखुको लागि २१० ली.मात्रै चाहिन्छ ।

**जैविक विविद्यता**

विश्वमा करीब १ लाख २० हजार धानका जातहरु छन् । जसमध्ये ४० हजार मात्र oryza sativa का छन् । नार्कले लगभग ९० औटा धानको जात विकास गरेको र ५० भन्दा हाइब्रिड पञ्जीकरण गरेको छ । नेपालको जीन बैंकमा रहेको करीब १८ हजार आनुवंशिक श्रोतहरु मध्ये २४०० मात्रै धानको रहेको छ । नेपालमा जलवायुमैत्री धेरै धानका जातहरुः सुख्खा सहने, पानी डुबान सहने, रोगकीरा सहने, विभिन्न उपयोगी गुण भएका तथा भूगोल र हावापानी सहने प्रजातीहरुको विकास तथा सिफारिस नेपाल कृषि अनुसंधान परिषद्बाट गरिएको छ ।

विश्व भोकमरी सुचांकमा १२१ देशहरुमध्ये नेपाल ८१ औं स्थान ५० लाख जति जनता कुनै न कुनै रुपले भोखमरी तथा खाद्य असुरक्षाको अवस्थामारहेको बेला प्रति वर्ष २२ लाख टन भन्दा बढी खाना कुनै न कुनै बहानामा फालिन्छ । जुन प्रति घर ७९ कि.ग्रा. खाना हुन आउँछ । यसरी फालेको खाना मध्ये अधिकाँस भात नै हुने गर्दछ ।

**केही उपायहरुः**

१. धानको क्षेत्रफल बढाउन चैते धान तथा गर्मा धानको खेती गर्नु पर्ने ।
२. धानका सिंचित क्षेत्र बढाउन सतही तथा भूमिगत पानीको श्रोतहरु व्यवस्थापन गरी बाह्रै महिना पानी लाग्ने क्षेत्रफलको बृद्धि गर्नुपर्ने ।
३. धानका लागि चाहिने गुणस्तरीय तथा पर्याप्त मलको (प्रांगारिक तथा रसायनिक) सुनिश्चित गर्नु पर्ने ।
४. धानका विकसित तथा भूगोल र हावापानी अनुसारका जातहरुको ठाउँ सुहाउँदोपनाको लागि अनुसंधान गरी बीउ बृद्धि गरी जानकारी सहित कृषकमाझ पुरयाउने ।
५. रोगकीरा तथा जलवायु मैत्री धानका जातहरुको विकास तथा बीउ बृद्धि गर्नु पर्ने ।
६. धानको परिकारको उपयोगमा विविधता ल्याई अन्य खाद्यान्न बालीको उपयोगको लागि प्रचारप्रसार गर्नु पर्ने ।
७. धान उत्पादनको लागत मूल्य घटाउन सरकारले मशीन उपकरण प्रयोग, बीमा, वितिय सहयोग, पानी पोतमा सहयोग, समर्थन मूल्य निर्धारण, धानको संकलन भंडारण तथा प्रशोधनको वातावरण बनाउनु पर्ने ।
८. बाँझो जग्गालाई उपयोगका लागि सरकारले नीतिगत व्यवस्था गर्ने ।
९. खानालाई नफाल्न फूड बैंक, फूड प्यान्टी, खाना योजना, पुनः प्रयोग, प्रशोधन गर्न सचेतना, सहुलियत, प्रोत्साहनका कार्यक्रमहरु गर्ने ।
१०. धानका आधारित उद्योगहरुको प्रवर्धन तथा प्रोत्साहन गर्नु पर्ने ।

अतः आउने दिनहरुमा खाद्यान्न संकट तथा यससँग सम्बन्धित अनेक सामाजिक, साँस्कृतिक, आर्थिक तथा मानवीय पक्षमा नकरात्मक असरहरु पर्ने भएकोले तीनै तहका सरकार तथा सरोकारहरु बढी चिन्चित भई समस्या समाधानका बाटो खोज्नु हामी सबैको दायित्व रहेको छ ।

नेपालमा अभियान नै चलाएर बँझो रहेको जमिनमा खेती गनु पर्छ तराईका फाँटहरुमा सकेसम्म धान उत्पादनलाई प्राथमिकता दुनु पर्छ।

1°C rise in day-time maximum temperature during the ripening phase of rice increases harvest by 27 kg. ha-1, but our analyses also suggests that productivity declines when the daytime maximum temperature goes beyond 29.9°C. Since the average maximum temperature is already higher than this threshold, rice yield will likely diminish with any further increases in maximum temperature. Rainfall appears to have a strong negative effect on yield if it occurs when rice plants are in the nursery stage. Overall, under a double CO2 scenario predicted for 2100, rice yield in Nepal is expected to drop by about 4.2 per cent relative to current production levels.

1°C increase in average summer temperature results in a 4183 kg reduction in rice production.

# पानीको हाहाकार



*हरि शंकर शाह*
*सहायक बन अधिकृत*

विश्व भरी खडेरी पर्यो, जमिन मुनि को पानी सुकेर पानीको हाहाकार भयो यसको चर्चा ले नेपाल पनि अछुतो रहन सकेन । नेपालकै बहुचर्चित बिरगंज ,जनकपुर,बिराटनगर ,नेपालगन्ज ,महेन्द्र नगर धनगढी लगायत नेपाल को अधिकान्स तराइ मधेश को शहरहरुमा हजारौं नल्का, कल, कुवा इनार को पानी सुकेर मानिस पानी बिना लाखौ मानिसहरू छट्पटी रहेका छन, मरि रहेका छन तर जनता प्रती कुनै पनि नेता, सरकार (तिनै तहका) को मतलब छैन । जनता भाडमा जावोस ,सरकार गढन भै रहोस,संसदीय कोषको रकम आइ रहोस ,र बिकाश को नाम मा नेता र नेताको तालु चाटुकार को रोजि रोटि सधै फलि फुलि रहोस,यति मात्र चाहना रहेको देखिन्छ । बिकाश को नाममा प्रकृति र बाताबरण को बिनाश भैरहोस भनी सबैले चाहना राखेको हुन्छ तर प्रकृति तथा बाताबरण मैत्री बिकाश गर्न कसैले खोजेको देखिदैन ।

पानी अहिले सुक्नु को केही कारणहरु बारे म आफ्नो तथ्यहरु तपसिल अनुसार राखिरहेको छु ,यसमा बिमती राख्ने साथीहरू ले आ आफ्नो तथ्यगत्त तर्क राखी पानीको सहजता बारे विवरण उपलब्ध गराई सहयोग गरि दिनु होला ।

सबै तिर जब कन्कृटे बिकाश को शुरुआत भयो ,पानी सुक्ने क्रमको पनि शुरूवात हुन थल्यो ।

- जमिनमा जब आकाशको पानी पर्छ त्यतिखेर माटोले तथा बनस्पति पानी सोस्न पाउँदा त्यो पानी जमिन मुनि पुगेर सन्चित हुन्छ र त्यसैले बोरिङ गर्दा पानी आउँछ, पानीको मुहान फुट्छ, मूल चल्छ ।
- उग्र विकासले माटो देख्न नै हुँदैन आजभोली । कि त ढलान कि त पिच रोड हामिलाई नै चाहिन्छ । खाली जग्गा देखिए प्लटिङ्ग र घर , त्यो पनि कंकृट र ढलान ।
- न त बाटोमा माटो न त घरमा खालि जग्गा, खाली जग्गा भए गमलामा बरु फूल तर माटो छोप्नुपर्छ किनकी हिलो टेक्न हुँदैन ।

**अब के हुन्छ सुन्नुहोस !**

- आकाशबाट पानी पर्छ । त्यो पानी जमिनले सोस्न पाउँदैन र बगेर खेर जान्छ
- जमिनले पानी सोस्न नपाउँदा इनार सुक्छ, बोरिङबाट पानी आउँदैन , मूल सबै सुक्छ ।
- पिच रोड , कंकृट बस्तिले ष्मिजत र जभबत दुबैलाई चभाभिअतष्यल गर्छ र ताप बढाउँछ , ताप सोस्ने माटो त हामिले सकिहाल्यौं । बिश्वास नलागे पिच रोडमा नांगो खुट्टाले हिँड्नु र उहि तापक्रममा माटोमा हिँड्नु ।
- अब पानी पनि छैन, तापक्रम पनि बढ्यो । तापक्रम बढ्दा हिउँ पग्लियो । हिउँ परेन । अनि हिमनदी पनि सुक्छ ।
- अनि पानी सक्कियो, खाध्यान्न भएन । हामी फेरि जलबिध्युतका सपना देखिरहेका छौं ।
- जमिन मुनिको पानी सक्किदा कुनैदिन जमिन नै भासिन्छ र पातालमा पुग्छ यो मानव बस्ती ।
- यस्ता कुराको प्रमाण त ७२ भुकम्पमा विदेशिको रिसर्चमै देखियो नि ।



तर कस्लाई के मतलब भो र ? नगरलाई कर, अनि मान्छेलाई शहरमा घर भए भईहाल्यो । हिलो टेक्नु नपरे भईहाल्यो ।

पहिलापहिला गाउँ घर को चारै दिशामा हाम्रा पुर्वजहरु ले पानी रिचार्ज हुनाको लागि पोखरी खनी राखेको हुन्थ्यो, त्यस पोखरीमा विभिन्न किसिमका जीवजन्तू हरु पानी खान्थ्यो,पौडी खेल्थ्यो साथ्साथै गाउँ घर को पुरै जग्गा खेत वारि मा सिचाई गरि पुरै गाउँ नै सिन्चित हुन्थ्यो त्यसकारण गाउँ घरमा पानी को हाहाकार हुदैन्थ्यो।यति मात्र कहाँ हो र? प्रत्येक १० घर को बिचमा एउटा इनार र कुवा हुन्थ्यो र कुवा र इनारको छेउमा रिचार्ज हुनको लागि १० मिटरको पानी जम्ने खाल्डो (डबरी)हुन्थ्यो । तर आज कल हरेक घरमा नलका ,कल छ् जो दैनिक हजारौं लिटर पानी तानी रहेको छ तर रिचार्ज गर्ने कुनै विकल्प छदै छैन जसकारण पानी को हाहाकार भोग्नु परेको छ ।यति मात्र होइन प्रत्येक गाउँ को बिचमा २/४ वटा डबरी हरु बनाइ रहेको हुन्थ्यो जसले गर्दा जमिन मुनि को पानी को लेवल बढी जमिन सधै निरन्तर रिचार्ज भै पानी को मुल फुटि रहन्थ्यो ।यसले पनि यति बेलाको प्रकृति प्रेमी मानिसहरु प्रत्येक द्दण मिटरको दुरिमा गाउँ को चारै तिर बाटो बाटोमा वर पिपल र निम ,महुवा आपको बिरुवा लगाउनुको साथै हाम्रो धर्म संस्कृति सङ्ग जोडेर बिरुवा को रोपन र संरक्षण गर्ने कार्य गर्दथ्यो जसले गर्दा अप्रत्यक्ष रुपमा हरियाली बढ्नु को साथै चौतर्फी रुपमा जमिन मुनिकोपानी को जगेर्ना भै रिचार्ज निरन्तर भै रहेको थियो जसकारण पानी को हाहाकार हुनबाट जोगिन्थ्यो।

गाउँ घरमा कृषि कार्यको लागि गाउको चारै दिशामा सिचाइ प्रयोजन को लागि कुलो खनेर नजिकको नदि मा बाध बाधि कुलो बाट सिचाइ गरेको थियो जसबाट पनि गाउँ घरको खेत समेत सिन्चित भै जमिन सधै जलमग्न भै रहेन्थ्यो जसले गर्दा पानी जहाँ पनि छ्याछ्स्ती हुन्थ्यो र पानीको जगेर्ना हामी गर्दैन्थ्यो।

आज कल हेर्नुस कुनै घर मा ,गाउमा खाली जमिन भेटिदैन , सबै पक्की कन्कृट, बाटो घाटो कन्कृट,पोखरी ढ्लान ,कुलो ढलान ,इनार कुवा पुरेर ढलान गरि आफ्नो घरमा मिलान गरिएको छ,भएको बरपिपल को रुख काटी बिक्रि गरिएको छ,नया रुख बिरुवा रोपन गरिएको छैन । आकाश को पानी पर्छ सर्सर्ती बगेर समुन्द्र मा पुगेको छ ,हाम्रो गाउँ घर को जमिन रिचार्ज हुन पाएको छैन र जमिन भित्र रहेको पानी ,मोटर लगाएर दिनहु लाखौ लिटर तानिएको हुदा आज यो पानी को समस्या देखिएको हो ।यसको समाधान गर्न को लागि फेरि आ आफ्नो गाउँ घरमा भएको कुलो ,कुवा ,डबरी, पोखरी सन्चालनमा ल्याउ, गाउँ घर को आगन ढलान नगरौ? कुलो ,सडक ,चौक चौराहा मा रुख बिरुवा लगाऔ र संरक्षण गरौ ।

५/७ बर्ष मा फेरि हामी पानी को समस्या बाट मुक्त हुनसक्छौ ।पहल गरौ ,समाधान निकाल्न सक्छौ ,आट गरौ साह्स गरौ ,बाताबरण मैत्री जिवनयापन गरौ ।

# राहत, क्षतिपूर्ति र पुनःनिर्माणमा ढिलाइ नगर्न मन्त्री ज्वालाको निर्देशन

पाँचथर । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले बाढी पहिरोबाट उत्पन्न विषम परिस्थितिमा राहत तथा क्षतिपूर्ति वितरण तथा पुनःनिर्माण कार्यमा ढिलाइ नगर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।



असार पहिलो साता पाँचथरमा बाढी र पहिरोले पुऱ्याएको क्षतिको निरीक्षणका लागि आज पाँचथरको फिदिम आउनुभएका मन्त्री ज्वालाले जिल्ला प्रशासन कार्यालयमा आयोजित भेटघाट कार्यक्रममा राहत, क्षतिपूर्ति र पुनःनिर्माणमा कुनै पनि प्रकारको ढिलाइ नगर्न सरोकारवाला निकायलाई निर्देशन दिनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहित सरकारको टोलीले स्थलगत बाढी पहिरोको क्षतिको निरीक्षण गर्न नपाएका कारण आफू सरकारको प्रतिनिधिका रूपमा आएको जनाउँदै उहाँले सबै मन्त्रालय मातहतका निकायलाई तदारुकताका साथ लाग्न आग्रह गर्नुभयो । "राहत, क्षतिपूर्ति र पुनःनिर्माणको काम नियमित काम जस्तो होइन, यसमा ढिलाइ हुनु हुँदैन", मन्त्री ज्वालाले भन्नुभयो, "अहिले सबै स्रोतसाधनको प्रयोग गरेर तदारुकताका साथ काम गरी आधारभूत सेवाबाट बञ्चित नागरिकका लागि सरकारी निकायले काम गर्नुपर्छ ।"

उहाँले बाढी पहिरोका कारण भएको क्षतिको विवरण सङ्कलन, राहत र क्षतिपूर्तिका लागि प्रशासन तथा स्थानीय तहले सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो । यस्तै पाँचथरमा बाढीमा परी बेपत्ता रहेका तीन जनाको खोजी कार्यलाई नियमित गर्न पनि उहाँले सुरक्षा निकायलाई निर्देशन दिनुभयो ।

यही असार २ गते आएको बाढीले क्षति पुऱ्याएका मेची राजमार्ग, तमोर करिडोर र पुष्पलाल (मध्यपहाडी) राजमार्गको अनुगमनका लागि मन्त्री ज्वालासहितको टोली यहाँ आएको हो । उहाँले मेची राजमार्गअन्तर्गत हेंवा खोलामा बेलिब्रिज निर्माण कार्यलाई चाँडो सम्पन्न गर्न निर्देशन दिनुभयो । उहाँले सो स्थानमा पक्की पुल निर्माणका लागि चाँडै ठेक्का प्रक्रिया अघि बढाइने पनि बताउनुभयो ।

बाढीले बगाएको तमोर करिडोरको माझीटारस्थित बेलिब्रिज र मध्यपहाडी राजमार्गको दोभानेस्थित सडक पुल रहेका स्थानमा बेलिब्रिज निर्माण गर्ने वा सडक पुल नै बनाउने भन्ने पनि चाँडो यकीन गरेर कार्य थालिने बताउनुभयो ।

सो क्रममा पाँचथरका प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री वसन्तकुमार नेम्वाङले बाढी र पहिराका कारण धेरै भौतिक संरचनामा क्षति पुग्दा नागरिकले समस्या झेल्नुपरेको जनाउँदै पुनःनिर्माण चाँडो अघि बढ्नुपर्ने बताउनुभयो । "फालेलुङ गाउँपालिकाभित्रै दुई वटा सडकमा पुल बग्दा नागरिकलाई सास्ती छ, सरकारको ध्यान मुख्य राजमार्गका अतिरिक्त अन्य संरचनामा पनि पुग्नुपर्छ", उहाँले भन्नुभयो, "घरबार, खेतीपाती, जग्गा, जमिन, पशुपक्षी तथा अन्य संरचनामा क्षति भोगेका जिल्लावासीलाई चाँडो राहत र क्षतिपूर्ति दिन मैले बारम्बार सरकारको ध्यानाकर्षण गराउँदै आएको छु ।"

मन्त्री ज्वालाका साथ पूर्वमन्त्री नेम्वाङ, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल, सडक विभागका उपमहानिर्देशक रामहरि पोखरेललगायत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका विभिन्न निकायका अधिकारी सहभागी हुनुहुन्छ । मन्त्री ज्वालाको टोलीले आज र आइतबार यहाँका क्षतिग्रस्त सडक तथा अन्य संरचनाको निरीक्षण गर्ने कार्यक्रम रहेको प्रमुख जिल्ला अधिकारी मेखबहादुर मङ्ग्रातीले जानकारी दिनुभयो । रासस

# गठबन्धनको सरकार पाँच वर्ष चल्छ : प्रधानमन्त्री

गण्डकी । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धनको सरकार पाँच वर्ष नै चल्ने बताउनुभएको छ । प्रेस सेन्टर नेपाल गण्डकी प्रदेशद्वारा शनिवार कास्कीको पोखरामा आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "गठबन्धनको सरकार पाँच वर्ष चल्छ । यो कसैले हिलाएर हिल्दैन । हामी समझदारीका साथ अगाडि बढ्छौँ ।"




भ्रष्टाचारविरूद्ध अनुसन्धानको कार्यले थप तीव्रता पाउने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भ्रष्टाचार देशको विकराल समस्या भएको उल्लेख गर्नुभयो । नक्कली भुटानी शरणार्थी प्रकरण होस् वा ललिता निवास प्रकरण होस्, यसमा सरकार दृढताका साथ सरकार अगाडि बढेको जिकिर गर्दै उहाँले थप तीव्रताका साथ अघि बढ्ने बताउनुभयो ।

"बजेट पास होला कि नहोला भन्ने तरङ्ग थियो । विनियोजन विधेयक पारित भइसकेपछि यो तरङ्ग अन्त्य भएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो- "यसपटक हामीले भिन्न ढङ्गले नै काम सुरू गरेका छौँ । यो सामान्य मात्र नभएर विशिष्ट प्रकृतिको छ । जनताले भोगका समस्या सम्बोधन गर्न हाम्रो पूरै कोसिस रहेको छ । विदेशमा रहेका लाखौं नेपाली श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरेका छौं, यसको दूरगामी अर्थ छ ।"

अर्थतन्त्र धरासायी बढी नै हुन्छ कि भन्ने रहेका अवस्थामा यो बिस्तारै लयमा फर्किएको उहाँको भनाइ थियो । यसपटकको भारत भ्रमण ऐतिहासक भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्रको हितमा भारतसँग धेरै महत्वपूर्ण समझदारी भएको बताउनुभयो । "भारतीय प्रधानमन्त्रीले आफैं सीमा समस्या हल गरिन्छ भन्नु ठूलो विषय हो । यसअघि भारतका कार्यकारी प्रमुखले यसबारे बोलेका छैनन्", उहाँले भन्नुभयो ।

पारवाहन सन्धि पुनरावलोकन महत्वपूर्ण निर्णय भएको र विद्युत् व्यापार सम्झौता पनि सामान्य कुरा नभएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने समझदारी सामान्य नभएको बताउनुभयो । यसबाट विद्युत् व्यापार पनि बढ्ने र लगानीको ढोका पनि खुल्ने जिकिर गर्दै उहाँले यो आउने पिँढीले पनि सम्झिरहने काम भएको उल्लेख गर्नुभयो ।

राष्ट्र र जनताप्रति इमानदार भएर काम गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले छिट्टै चीनको भ्रमणको तयारी भएको जानकारी गराउनुभयो । चीनमा पनि देश र जनताको हितमा अधिकतम राम्रो कोसिस हुने उहाँको भनाइ थियो । हवाईमार्गका लागि भारतसँग कुरा गरिएको र छिट्टै त्यो निष्कर्षमा पुग्ने जिकिर गर्दै उहाँले चीन जाँदा पनि यस विषयमा छलफल हुने बताउनुभयो । भ्रष्टाचारका सम्बन्धमा प्रहरीले आफ्नोतर्फबाट अनुसन्धान गरिरहेको र प्रहरीलाई सरकारले आवश्यक निर्देशित गरिरहेको जिकिर गर्दै उहाँले यो प्रक्रिया अगाडि बढिरहेको छ र निरन्तर अगाडि जाने बताउनुभयो ।

पोखरामा शुक्रबार सम्पन्न प्रदेशका मुख्यमन्त्रीको गम्भीर छलफलपछि सङ्घीय सरकारका लागि ध्यानाकर्षण गर्न साझा धारणा आएको र त्यो दूरगामी महत्वको रहेको उहाँले बताउनुभयो । त्यस्तै आज सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले सर्वसम्मत केही महत्वपूर्ण निर्णय गरेको उल्लेख गर्दै उहाँले त्यसले संविधान कार्यान्वयनमा देखापरेका कतिपय समस्यालाई सम्बोधन गर्ने काम गरेको बताउनुभयो । तीनवटै सरकारको बीचमा समन्वय गर्न र संविधान कार्यान्वयनलाई प्रभावकारी बनाउन बैठकका निर्णय दूरगामी महत्वका रहेका प्रधानमन्त्री दाहालले बताउनुभयो ।

**पूर्वमाओवादी शक्तिबीच एकताको ठोस पहल हुँदैछ : प्रधानमन्त्री**

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पूर्वमाओवादी शक्तिबीच छलफल भइरहेको र पार्टी एकताका लागि ठोस पहल गरिने बताउनुभएको छ ।

पोखरामा शनिवार बिहान माओवादी केन्द्रका उपलब्ध केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका पदाधिकारीसँग अन्तर्क्रिया गर्दै उहाँले माओवादी कमजोर हुँदा परिवर्तनका मुद्दासमेत कमजोर हुने भएकाले एकताको पहल गरिएको हो भन्नुभयो । उहाँले भन्नुभयो, "माओवादी कमजोर हुँदा सिङ्गो परिवर्तन कमजोर हुन्छ । हामी शक्तिशाली हुँदा मात्र देश सही दिशामा अगाडि बढ्छ । त्यसैले परिवर्तनका मुद्दा रक्षा गर्ने जिम्मेवारी पनि हाम्रै हो । यसका लागि हामी सबैले देशको पक्षमा सोच्न र काम गर्न जरुरी छ ।"

प्रधानमन्त्री दाहालले जनताले माओवादी नेतृत्वको सरकारमाथि धेरै आशा र भरोसा राखेकाकाले सबै मिलेर देश निर्माणका पक्षमा लाग्नुपर्नेमा जोड दिनुभयो । "हामीभित्र मात्र थपघट गरेर पार्टी पुनःनिर्माण हुँदैन । यसपटक सरकारको नेतृत्व लिँदा परिवर्तन र पार्टी राम्रो बनाउने वातावरणका लागि सोचेको थिएँ", उहाँले भन्नुभयो, "यसका लागि नयाँ ढंगले सोच्दैछौँ । हामीसँग इतिहासको तागत छ, त्याग र बलिदानको तागत छ । देश निर्माणका लागि फेरि नयाँ फड्को जरुरी छ । सामाजिक न्याय, सुशासन र समृद्धिका पक्षमा फड्को हान्न खोजिएको छ । यसमा हामी दृढतापूर्वक अघि बढ्नुपर्छ । सरकार यसमा दृढ छ ।"

देशमा उपलब्ध प्राकृतिक साधनस्रोत उपयोग गरेर देशको समुन्नतिका पक्षमा फड्को हान्ने आफ्नो योजना रहेको प्रधानमन्त्रीले सुनाउनुभयो । उहाँले भन्नुभयो, "यसका लागि के-कसरी काम गर्न सकिन्छ, यतातर्फ पनि सबैले सोचौं । पार्टीका सबै नेता-कार्यकर्ताले देशको समृद्धिको पक्षमा काम गर्ने संकल्प गरौं ।"

हालै गठन गरिएको समाजवादी मोर्चाले समाजवादको आधार निर्माणका लागि काम गर्ने उहाँले जानकारी दिनुभयो । मोर्चाको बैठक बसेर कार्यक्रम तय गरिने प्रधानमन्त्रीले जानकारी दिनुभयो । सरकारका कामको व्यवस्थित स्वामित्व, पार्टी निर्माणको काम, समाजवादी मोर्चा र पार्टी एकताको प्रयासलाई सँगसँगै अघि बढाइने प्रधानमन्त्रीले बताउनुभयो ।

उहाँले भुन्नभयो, "हाम्रो पहलमा समाजवादी मोर्चा घोषणा गरिएको छ । आज नै बैठक बसेर त्यसका कार्यक्रम तय गर्छौं । समाजवादी मोर्चाले समाजवादको आधार निर्माणका लागि काम गर्नेछ । पूर्वमाओवादी पनि छलफलमा छौं । फेरि पार्टी एकताको आधार निर्माण हुँदैछ । पार्टी एकताको लागि ठोस पहल अगाडि बढाउँछौं ।" रासस

# संसदीय पत्रकारको भूमिका महत्वपूर्ण छ : सभामुख

काठमाण्डु । सभामुख देवराज घिमिरेले सासद र संसद्को भूमिकालाई जनतासमक्ष पुऱ्याउन संसदीय पत्रकारको भूमिका महत्वपूर्ण भएको बताउनुभयो ।

संसदीय मामिला पत्रकार समाजको आठौं अधिवेशनको उद्घाटन गर्दै शनिवार उहाँले जनप्रतिनिधिका विषयजस्ताको तस्तै जनतामा पुऱ्याउने काम महत्वपूर्ण हुन्छ भन्नुभयो । "समाचारको सही विश्लेषण गर्नुपर्ने जरुरी छ । संसद् र संसदीय समितिको काम सञ्चारमाध्यमबाटै जनतासमक्ष पुग्ने हो", सभामुख घिमिरेले भन्नुभयो, "संसदीय पत्रकारले संसद्का प्रत्येक यथार्थ गतिविधि बाहिर ल्याउन भूमिका खेल्नुपर्छ । " उहाँले आगामी दिनमा पनि सहकार्य जारी रहने स्पष्ट पार्नुभयो ।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले संसदीय मामिलाका समाचार सम्प्रेषण गर्ने समाजको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले संसदीय समिति र संसदीय समितिमा रहेका विधेयकका विषयमा पनि पत्रकारले लेख्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले मिडिया काउन्सिल विधेयक धेरै मेहनत गरेर तयार गर्दा राम्रो बनेको थियो तर प्रतिनिधिसभामा गएर अघि बढन नसकेको बताउनुभयो । उपसभामुख इन्दिरा रानामगरले पत्रकार राज्यको ऐना भएको हुनाले संसद्का सही सूचना बाहिर ल्याउन संसदीय पत्रकारको भूमिका उल्लेखनीय छ भन्नुभयो ।

राष्ट्रियसभाका उपाध्यक्ष उर्मिला अर्यालले जनप्रतिनिधिका आवाज जनतासामु पुर्याउन सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण भएको हो ।

संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले जनताको दृष्टिकोणमा दुई संसद भएको आफूलाई लागेको उल्लेख गर्दै एउटा जनप्रतिनिधि र जनप्रतिनिधिका विषय बाहिर लैजाने पत्रकार पनि जनप्रतिनिधि नै भएको बताउनुभयो । उहाँले पत्रकारलाई सूचनाका लागि संसद् सचिवालय सदा खुला रहेको बताउनुभयो ।रासस

# पर्यटनको विकास गरेर आर्थिकरूपमा सक्षम बन्न सकिन्छ : मन्त्री किराती

भोजपुर । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले पर्यटन क्षेत्रको योजनाबद्ध विकास गरेर देशलाई आर्थिकरूपमा सक्षम बनाउन सकिने बताउनुभएको छ ।

उहाँले सञ्चालन गर्नुभएको 'हाम्रो सम्पदा राम्रो सम्पदा' अभियानअन्तर्गत गृह जिल्ला भोजपुरमा आयोजना गरिएको सरसफाइ अभियान कार्यक्रमलाई सम्बोधन गर्दै नागरिकले आफ्नो क्षेत्रको विकासमा आफैँले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

पर्यटकहरूलाई आकर्षित गर्नका लागि आफ्नो संस्कार, संस्कृति तथा आचरण र वातावरणमा सुधार गर्नुपर्ने उहाँको भनाइ छ । पर्यटकीय क्षेत्रलाई सफा, सुन्दर र हराभरा बनाउन नागरिकस्तरबाट अगुवाइ गर्नुपर्नेमा उहाँको जोड थियो ।

"पर्यटनको विकासका लागि हाम्रो संस्कार र संस्कृतिको जगेर्नासँगै आफ्नो ठाउँलाई सफा सुन्दर र हरभरा बनाउन आवश्यक छ", मन्त्री किरातीले भन्नुभयो, "हाम्रो सुन्दर देशलाई अझ सुन्दर बनाउने हाम्रो दायित्व हो, आफ्नो ठाउँको विकासका लागि हामीले हप्तामा दुई घन्टा समय दिन सक्यौं भने त्यसले देश निर्माणमा पनि योगदान पुग्छ ।" आफ्नो ठाउँमा पर्यटकलाई बसौँबसौँ लाग्ने बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

आफ्नो घर अगाडि फोहर होइन फूल भन्ने अभियान सञ्चालन गर्नुपर्ने मन्त्री किरातीले बताउनुभयो । यसका लागि नागरिकले हप्तामा दुई घन्टा श्रमदान गर्ने बानी बसाल्नुपर्ने उहाँको भनाइ छ । उहाँको अगुवाइमा जिल्ला अस्पतालसँगै बजार क्षेत्रको सरसफाइ गरिएको छ ।

सचेतनाका रूपमा सरसफाइ गरिएको भए पनि यसको निरन्तरताका लागि नागरिक आफैं सचेत बन्नुपर्ने भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले बताउनुभयो ।

"मन्त्रीको उपस्थितिमा बजार क्षेत्रको सरसफाइ गरेका छौं", उहाँले भन्नुभयो, "तर एक दिन मन्त्री, नगर प्रमुखले सरसफाइ गरेर मात्र हुन्न, यसको निरन्तरताका लागि नागरिक सजक बन्न आवश्यक छ ।" बजार क्षेत्रको सरसफाइका लागि नागरिकस्तरबाट अगुवाइ हुनुपर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख देवनाथ सिंहले बताउनुभयो । कार्यालयले सरसफाइका लागि आवश्यक सहयोग गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । बजार क्षेत्रलाई सफा, सुन्दर र हराभरा बनाउन योजनाबद्धरूपमा सरसरफाइका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उहाँको भनाइ छ । नागरिकले हप्तामा एक दिन श्रमदानको अभियान सञ्चालन गर्नुपर्ने प्रमुख सिंहले बताउनुभयो ।

एक दिनमात्र नभएर सरसफाइ अभियानलाई निरन्तरता दिन सबै अग्रसर हुनुपर्ने प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले बताउनुभयो । यस्ता सन्देशमूलक कार्यक्रमले नागरिकको चेनतास्तरमा सुधार आउने उहाँको भनाइ थियो ।

कार्यक्रममा जिल्लाका सरकारी कार्यालय, सुरक्षा निकाय तथा विभिन्न सङ्घ संस्थाको सहभागिता रहेको थियो । मन्त्री किरातीले जिल्ला अस्पतालको बिरामी कुरुवा घरको अनुमगन तथा परिसरमा वृक्षरोपणसमेत गर्नुभएको थियो । रासस

# परराष्ट्र नीति स्थिर भइरहेको छ : मन्त्री साउद

डडेल्धुरा । परराष्ट्रमन्त्री एनपी साउदले सरकारले तरल रहेको परराष्ट्र नीतिलाई स्थिरता दिने प्रयत्न गरिरहेको बताउनुभएको छ । नेपाल प्रेस युनियन जिल्ला शाखाले शनिवार सदरमुकाममा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले अन्तर्राष्ट्रिय सम्बन्धलाई स्थिरता दिने प्रयास भइरहेको बताउनुभएको हो ।




"अलिकति तरल रहेको परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई हामीले अहिले स्थिरता दिने प्रयत्न गरिरहेका छौँ, हाम्रो परराष्ट्र नीतिका सम्बन्धमा हामीले संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेखित मूल्य र मान्यतालाई सम्मान गर्छौं", उहाँले भन्नुभयो, "त्यसलाई हामी व्यवहारमा पनि लागू गर्न चाहन्छौं, संसारमा हुने सैन्य द्वन्द्व वा सैन्य गठबन्धनमा हामी सामेल हुँदैनौं, तर संसारमा हुने घटनामा हामी तटस्थ बस्छौं, बोल्न सक्दैनौं हाम्रो विचार नै छैन भन्ने चाहिँ होइन ।"

परराष्ट्र नीति परस्पर सन्धि र विगतको सम्झौतामा टेकेर सम्बन्ध सुधार हुने मन्त्री साउदले जनाउनुभयो । उहाँले संसारमा हुने घटनालाई नेपालले स्वतन्त्र राष्ट्रका रूपमा निष्पक्ष किसिमले हेरिरहेको बताउनुभयो । कालापानी, लिपुलेक, लिम्पियाधुरालगायतका भारतसँग सीमा जोडिएका क्षेत्रका बारेमा पनि सरकार गम्भीर रहेको उहाँको भनाइ थियो ।

प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा पनि यी विषयमा कुराकानी भएको र भारत पनि सीमा समस्या समाधानमा सकारात्मक रहेको मन्त्री साउदले बताउनुभयो । कूटनीतिक तवरबाट समस्या सुल्झाउनेतिर सरकार लागि परेको उहाँले जनाउनुभयो ।

"कालापानीलगायत देशभरका अन्य सीमाका बारेमा भारतीय पक्षले दिनुपर्ने 'रेस्पोन्स' हामीले कूटनीतिकरूपमा प्राप्त गर्नुपर्थ्यो, त्यो विगतमा गर्न सकिएको थिएन, भारतीय प्रधानमन्त्रीले सीमासँग सम्बन्धित समस्या वा विवाद वार्तामार्फत सामाधान गर्नुपर्छ भनेर बोल्नुभएको छ", उहाँले भन्नुभयो, "त्यसलै सीमासम्बन्धी समस्याले निकास पाउँछ ।"

यसका साथै परराष्ट्रमन्त्री साउदले अहिलेको सत्तागठबन्धन नभत्किने प्रष्ट पार्नुभयो । बाहिर हल्ला आएअनुसार एमालेसँग मिल्ने कुनै सम्भावना नरहेको उहाँको दाबी थियो । नेपाली कांग्रेस डडेल्धुराको जिल्ला सम्मेलन उद्घाटन गर्न उहाँ यहाँ आउनुभएको हो । रासस

# बजेटले अर्थतन्त्रलाई चलायमान बनाउँछ : अर्थमन्त्री महत

गण्डकी । अर्थमन्त्री डा प्रकाशशरण महतले सरकारले ल्याएको बजेटले अर्थतन्त्रलाई चलायमान बनाउने बताउनुभएको छ । नेपाल प्रेस युनियन कास्कीद्वारा आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा उहाँले देश र जनतालाई केन्द्रविन्दुमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने गरी बजेट आएको उल्लेख गर्नुभयो ।

सरकारले अर्थतन्त्रलाई चलायमान बनाउले लक्ष्यका साथ उद्योग व्यवसायलाई बढाउने प्रस्ताव गरेको मन्त्री महतले बताउनुभयो । उद्योग व्यवसाय खोल्नका लागि निःशुल्क उद्योग दर्ता गर्न सक्ने र पूँजी एक सय रुपैयाँ राखेर पनि प्रारम्भिक उद्योगको सुरुआत गर्न सक्ने व्यवस्था मिलाइएको उहाँको भनाइ थियो । आइटीलाई प्रोत्साहन गर्न करमा आधा छुटको व्यवस्था मिलाइएको र पूँजीको कुनै सिमाना नरहेको उहाँले उल्लेख गर्नुभयो ।



पूँजीगत खर्च गर्ने सीमाका कारण भनेजस्तो हरेक ठाउँमा चाहेजस्तो बजेट विनियोजन गर्न नसकिएको उल्लेख गर्दै मन्त्री महतले बजेटको लक्ष्य लोकप्रिय रहेको र यसले लोकप्रिय परिणाम दिने विश्वास व्यक्त गर्नुभयो । खर्च प्रक्रियालाई सहज बनाउने र अनुशासन कायम गर्नतर्फ सरकार लागेको जिकिर गर्दै उहाँले बजेटको समयमा कार्यान्वयन नहुने, कार्यविधि नबन्ने, समयमा ठेक्का नलाग्ने जस्ता विषयको अन्त्य गर्नका लागि मुख्य सचिवसहित मन्त्रालयका सचिवलाई बोलाएर निर्देशन दिएको उल्लेख गर्नुभयो । निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी बजेट आएको उहाँको भनाइ छ ।

नेपाली कांग्रेसका प्रवक्तासमेत रहनुभएका मन्त्री महतले कांग्रेस जहिले पनि निजी क्षेत्रलाई प्रोत्साहन गर्नेतर्फ लागेको बताउनुभयो । आर्थिक वृद्धिको वाहक निजी क्षेत्रलाई बनाउने र वितरण वाहक एवम् जिम्मेवारी राज्यले लिनेमा आफूहरू स्पष्ट रहेको उल्लेख गर्दै उहाँले उत्पादन वृद्धि गराउँदै उक्त वृद्धिको हिस्सा पछि परेका वर्ग एवम् समूहमा सम्प्रेषित गर्ने नीति लिइएको बताउनुभयो । आर्थिक वृद्धिसँगै शिक्षा, स्वास्थ्य पूर्वाधार विकासमा पछि परेको समूहमा लगानी गर्ने नीतिअनुरुप नै बजेट प्रस्ताव भएको मन्त्री महतले स्पष्ट पार्नुभयो । सरकारले कृषिमा उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाएको उहाँले बताउनुभयो ।

वर्तमान सत्ता गठबन्धन हेरफेरको कुरा अफवाह भएको उल्लेख गर्दै मन्त्री महतले त्यसका पछि नलाग्न आग्रह गर्नुभयो । निश्चित लक्ष्यका साथ सुशासन गर्ने, आर्थिक वृद्धि हासिल गर्ने र अर्थतन्त्रलाई चलायमान बनाउने कुरालाई केन्द्रमा राखेर वर्तमान गठबन्धन अघि बढ्ने उहाँले बताउनुभयो । रासस

"मुख्यमन्त्री स्वच्छता अभियान" अन्तर्गत संचालित कार्यक्रमलाई अझ थप सवलीकरण एवं प्रभावकारी बनाउन पालिकाहरुसंग समन्वय गरी टोल टोल मा "फोहोर मलाई" भन्ने स्वच्छता अभियान सफल पारौं ।

मधेश सरकार
मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

# समान नागरिक संहिताबाट भाजपा के चाहन्छ ?

**बीबीसी**

नयाँ दिल्ली । सन् १९६७ को आम चुनावमा भारतीय जनसंघले आफ्नो चुनावी घोषणापत्रमा पहिलो पटक 'समान नागरिक संहिता'को स्पष्ट उल्लेख गरेको थियो ।

जनसंघ सत्तामा आए मुलुकमा 'समान नागरिक संहिता' लागू गर्ने घोषणापत्रमा वाचा गरिएको थियो । तर, चुनावको नतिजा उल्टो आयो र कांग्रेस सत्तामा फर्कियो । यसपछि सन् १९६७-१९८० को बीचमा भारतीय राजनीतिमा एकपछि अर्को यस्ता घटनाहरू भए (कांग्रेसको विभाजन, भारत-पाकिस्तान युद्ध १९७१, आपतकाल) जसमा 'समान नागरिक संहिता'को मुद्दा केही हदसम्म पृष्ठभूमिमा गयो। ।

सन् १९८० मा भाजपाको स्थापना भएपछि फेरि एकपटक युसीसीको मागले ठाउँ बनाउन थाल्यो । राम मन्दिर निर्माण, धारा ३७० र समान नागरिक संहिता बीजेपीको घोषणापत्रका तीन मुख्य बुँदाहरू छन् । तर कुनै पनि बीजेपी सरकारले (पहिलो कार्यकालको नरेन्द्र मोदी सरकारले पनि) समान नागरिक संहिता लागू गर्न पहल गरेको छैन ।

तर, यस विषयमा बेलाबेलामा विवाद र अभिव्यक्ति आउने गरेका छन् । भाजपा नेताहरूले यूसीसीको मुद्दा अझै पनि उनीहरूको प्राथमिकतामा रहेको आश्वासन दिइरहेका छन्, तर प्रधानमन्त्री नरेन्द्र मोदीले यसबारे खुलेर केही भनेका छैनन् । जुन २७ मा प्रधानमन्त्री नरेन्द्र मोदीले यूसीसीको बारेमा यसरी विस्तृत रूपमा कुरा गरिरहेको यो पहिलो पटक थियो ।

**प्रधानमन्त्री मोदीले के भने ?**





भोपालमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री मोदीले देशमा समान नागरिक संहिताको वकालत गर्दै 'एउटै परिवारका दुई व्यक्तिका लागि फरक नियम हुन नसक्ने' भनेका थिए । यस्तो दोहोरो प्रणालीमा घर कसरी चल्ने ?

पीएम मोदीले भने, "सर्वोच्च अदालतले बारम्बार भनेको छ । सर्वोच्च अदालतले समान नागरिक संहिता ल्याउन भनेको छ । तर भोट बैंकका भोका यी मानिसहरूले त्यसमा अवरोध गरिरहेका छन् । तर भाजपाको 'सबका साथ, सबका विकास'को भावनाले काम गरिरहेको छ।"

समान नागरिक संहिताको विषयमा प्रधानमन्त्रीको वक्तव्यपछि अधिकांश विपक्षी दलले २०२४ को चुनावअघि प्रधानमन्त्री मोदीले बेरोजगारी, मुद्रास्फीति जस्ता मुद्दाबाट ध्यान हटाउन यूसीसीको घोटाला बनाएर जनतालाई भ्रममा पार्न खोजेको आरोप लगाएका छन् । यद्यपि कतिपय विपक्षी दलले पनि समर्थन गरेका छन् ।

अधिकांश विपक्षी दल समान नागरिक संहिताको विरोध गर्दै आएका छन् । यी पार्टीहरूले विश्वास गर्छन् कि यूसीसी ले अल्पसंख्यक समुदायहरूको धार्मिक स्वतन्त्रतामा उल्लङ्घन गर्नेछ र यूसीसी आवश्यक छैन, किनकि व्यक्तिगत कानूनको वर्तमान प्रणाली राम्रोसँग काम गरिरहेको छ।

विपक्षी दलहरूले आरोप लगाएका छन् कि यूसीसीलाई सत्ताधारी बीजेपीले देशमा हिन्दू बहुसंख्यकवाद थोपाउन प्रयोग गर्नेछ। कांग्रेस, तृणमूल कांग्रेस, जेडीयू, सीपीआई, आरजेडी, समाजवादी पार्टी, सीपीआई (एम)ले खुलेर विरोध गरेका छन् ।

उही समयमा, आम आदमी पार्टीले यसलाई 'सैद्धान्तिक रूपमा' समर्थन गरेको छ । पार्टी नेता तथा सांसद सन्दीप पाठकले भने, 'हाम्रो पार्टीले सैद्धान्तिक रूपमा समर्थन गर्छ । धारा ४४ ले पनि यसलाई समर्थन गर्दछ । यो सबै धर्मसँग सम्बन्धित विषय भएकाले सहमति भएपछि मात्रै कार्यान्वयन गर्नुपर्छ । शिवसेना (उद्धव ठाकरे गुट) को पनि यस्तै दृष्टिकोण छ ।

नेकपाले त्यसको समर्थन र विरोध गरेको छैन । पार्टीका कार्यकारी अध्यक्ष प्रफुल्ल पटेल भन्छन्, 'हामीले यति ठूलो निर्णय हतारमा लिनु हुँदैन भनेर मात्रै भन्दैछौं । अचानक साढे नौ वर्षपछि सरकारले अहिले यूसीसीको कुरा गरिरहेको छ । आगामी निर्वाचनलाई ध्यानमा राखेर यो राजनीतिक षड्यन्त्र हो ।

**प्रधानमन्त्रीले किन यूसीसीको कुरा गरे ?**

यसको सरल जवाफ यो हुन सक्छ कि 'समान नागरिक संहिता' लागू गर्ने कुरा भाजपाको घोषणापत्रको हिस्सा थियो, तर अहिले किन ? यो प्रश्नमा वरिष्ठ पत्रकार वीर संघवीले न्यूज वेबसाइट द प्रिन्टका लागि लेखिएको आफ्नो लेख 'यूसीसी इज मोदीज न्यूक्लियर बटन' मा लेख्छन्, '९ वर्ष सत्तामा बसेपछि प्रधानमन्त्री मोदीले अहिले यो मुद्दा किन उठाए ? , विगत नौ वर्षको दौडान, उनले सजिलैसँग यस मुद्दामा गम्भीर बहस प्रवर्द्धन गर्न सक्थे र मुस्लिमहरूलाई आश्वस्त पार्न सक्थे कि यो समान, न्यायपूर्ण कानूनले इस्लामलाई कुनै खतरा हुँदैन?

"उत्तर यो हो कि बीजेपी २०२४ लोकसभा चुनावको लागि तयारी गरिरहेको छ । मैले केहि हप्ता अघि लेखेको थिए कि मोदीले हिन्दुत्वलाई आफ्नो चुनावी प्लेटफर्मको प्रमुख हिस्सा बनाउनेछन् र यूसीसी भाजपाको परमाणु बटन हो।"

वरिष्ठ पत्रकार प्रदीप सिंह यसका पछाडि दुईवटा मुख्य कारण बताउछन् । पहिलो, यूसीसी जनसंघको समयदेखि भाजपाको तीन मुख्य एजेन्डामा संलग्न छ ।

धारा ३७० र राम मन्दिर यी दुई मुद्दा लागु भएकाले एउटै एजेन्डा मात्रै बाँकी रह्यो । यस्तो अवस्थामा भाजपाका मूल मतदाताहरूमा यूसीसी कहिले लागू हुन्छ भन्ने अन्योलता थियो । त्यसैले भाजपाका लागि यो कुनै नौलो कुरा वा अचानक भएको विषय होइन । दोस्रो कारण बताउँदै उनी भन्छन्, 'गत असार २३ गते विपक्षी दलको बैठक बसेको थियो । सो बैठकमा सबै दल मिलेर चुनाव लड्ने सहमति भएपनि कुन मुद्दामा लड्ने भन्ने टुंगो लाग्न सकेको छैन । त्यसैले विपक्षी दलहरु अगाडि प्रधानमन्त्रीले यूसीसीमा बोलेर एजेण्डा तय गरेका थिए । अब कांग्रेसबाट यस्तो भनाइ आइरहेको छ कि उनीहरुले अर्को बैठकमा अर्थात् १३-१४ साउनमा जवाफ दिनेछन् । अर्थात् प्रतिपक्ष सक्रिय हुनुको सट्टा प्रतिक्रियावादी बनेको छ।

सन् १९७७ र १९८९ को आम निर्वाचनमा विपक्षी एकताको उदाहरण दिँदै प्रदीप सिंहले भारतको राजनीतिमा विपक्षी दलहरू एकजुट हुँदा यी दुईवटा मात्र चुनाव भएको बताउँछन् । यसको मुख्य कारण भ्रष्टाचार र संकटकालको आरोप थियो । सन् १९७७ मा पहिलो भ्रष्टाचार र त्यसपछि आपतकाल, जबकी सन् १९८९ मा बोफोर्स मुद्दा ।

"विपक्षीले जनतालाई उत्तेजित गर्ने ठुलो मुद्दा फेला पारेको छैन । बरु यूसीसीको मुद्दा उठाउदै प्रधानमन्त्रीले प्रतिपक्षमा दरार पैदा गरेका छन् । आम आदमी पार्टी, शिवसेना, एनसीपी सबैको फरक विचार छ। अर्थात् जुन विपक्षी एकताको कुरा भइरहेको थियो, त्यो यही विषयमा छरपस्ट भएको छ ।

**यूसीसी ध्रुवीकरण गर्ने अर्को मौका**

बरिष्ठ पत्रकार स्मिता गुप्ताले समान नागरिक संहितामा बोल्नु भाजपाको बाध्यता भएको बताउँछिन् ।

उनी भन्छिन्, "चुनावमा भाजपाले राममन्दिर र धारा ३७० को मुद्दाको दुरुपयोग गरेको हुनाले पार्टीलाई ध्रुवीकरण गर्न सकिने मुद्दा चाहिएको थियो।" कर्नाटकको चुनावमा पराजयपछि भाजपाले अब कुनै जोखिम लिन सक्दैन। तीन राज्यको चुनाव नजिकै छ र २०२४ को लोकसभा चुनाव पनि नजिकै छ। यस्तो अवस्थामा भाजपाले ढिलो नगरी आफ्नो चुनावी एजेण्डा तय गरेको छ ।

**बीजेपी के सोच्छ?**

भाजपाका प्रवक्ता अमिताभ सिन्हाले पार्टीले सधैं एक देश, एक संविधान र एक चिन्हको कुरा गर्दै आएको बताए। जब समान फौजदारी संहिता सबैका लागि समान छ, तब भारतीय नागरिक संहिता किन फरक हुने ?

प्रतिपक्षी दललाई खिल्ली उडाउँदै उनले भने, 'विपक्षी दलहरूले तुष्टीकरणको राजनीति गरिरहेका छन् । तिनीहरू पहिले मुस्लिमहरूलाई डराउँछन् र त्यसपछि आफूलाई उनीहरूको शुभचिन्तक भन्छन्। जबकि मुस्लिम समुदायमा महिलाको अवस्था दयनीय छ । तिनीहरू बच्चा जन्माउने मेसिनमा परिणत भएका छन्।"

"मुसलमानहरूले चार-पाँच विवाह गर्छन्, प्रत्येक विवाहबाट पाँच-छवटा बच्चा जन्माउँछन् र आफ्नो जनसंख्या बढाउँछन्। भारत स्वतन्त्र हुँदा मुस्लिमहरूको जनसंख्या तीन करोड थियो र अहिले यो जनसंख्या आठ प्रतिशतले बढेको छ। त्यसैले यी सबै कुरा मुस्लिम महिलाहरु लाई बचाउनकालागि हुँदैछ ।

**के मुस्लिमहरुको जनसंख्या बढ्दै छ ?**

यो सत्य हो कि भारतमा मुस्लिमहरुको संख्या बढिरहेको छ । तर भारतको पूरै जनसंख्या बढ्दै गएको छ जसमा अन्य धर्महरू पनि सामेल छन्।

तर यदि तपाईंले पछिल्ला केही दशकहरूमा भारतमा मुस्लिम जनसंख्या वृद्धिको तथ्याङ्कलाई हेर्नुभयो भने, तपाईंले देख्नुहुनेछ कि १९९१ पछि भारतको जनसंख्यामा मुस्लिमहरूको वृद्धि दर घटेको छ । सन् १९९१ पछि सर्वसाधारणको वृद्धिदर पनि घटेको छ ।

२०१९ राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षणको आधिकारिक तथ्याङ्कका अनुसार प्रमुख धार्मिक समूहहरूमध्ये मुस्लिम जनसंख्याको प्रजनन दर सबैभन्दा उच्च छ, तर तथ्याङ्कअनुसार विगत दुई दशकहरूमा यो दर उल्लेखनीय रूपमा घटेको छ।वास्तवमा, प्रति महिला जन्मदरमा गिरावट हिन्दूहरू भन्दा मुस्लिमहरूमा बढी छ । सन् १९९२ मा ४.४ जन्म भएको थियो, जुन २०१९ मा घटेर २.४ पुगेको छ ।

**यूसीसीबाट भाजपालाई कति र के फाइदा हुन्छ?**

वरिष्ठ पत्रकार प्रदीप सिंहका अनुसार भाजपाको फाइदा भनेको उसको एजेन्डा तय भएको हो । उनी भन्छन्, 'महफी, बेरोजगारी' जस्ता मुद्दामा सरकारको पक्ष कमजोर देखिएको छ, त्यसमा चर्चा गर्नुको सट्टा अब भाजपाले चाहेको विषयमा छलफल हुनेछ । यसको मतलब विपक्षीहरू भाजपाले बनाएको पिचमा खेल्न बाध्य हुनेछन् र यी मुद्दाहरूमा भाजपा सधैं बलियो छ, त्यसैले यसलाई फाइदा हुनेछ। अधिकतम लाभ ध्रुवीकरणबाट हुनेछ।

**यूसीसी के हो र अहिलेसम्म के भयो?**

समानुपातिक संहिताका सम्बन्धमा सांसदहरुको राय बुझ्न संसदीय स्थायी समितिको बैठक असार १६ गते बोलाइएको छ ।

जुन १४ मा भारतको २२औं कानून आयोगले समान नागरिक संहिताको विषयमा धार्मिक संगठन र आम जनतासँग राय मागेको थियो। यसका लागि आयोगले एक महिनाको समय दिएको छ । अघिल्लो वर्ष २०१८ मा, २१ औं कानून आयोगले "समान नागरिक संहिता यस चरणमा आवश्यक वा वांछनीय छैन" भनेको थियो। यद्यपि गोवा हाल देशको एक मात्र राज्य हो, जहाँ समान नागरिक संहिता लागू छ । यसैबीच, उत्तराखण्ड सरकारले यूसीसीको मस्यौदा पनि तयार गरेको छ।

**कुन देशमा समान नागरिक संहिता छ?**

विश्वका धेरै आधुनिक र विकसित देशहरूमा समान नागरिक संहिता लागू छ। जस्तै- अमेरिका, इजरायल, जापान, फ्रान्स, रुस, बेलायतलगायत युरोपका धेरै देशहरू पर्छन्।

# प्रथम महिला हाफ म्याराथनको उपाधि पुलिस क्लबकी राममायालाई



काठमाण्डु । सशस्त्र प्रहरी परिवार महिला सङ्घको २२ औं वार्षिकोत्सवका अवसरमा शनिवार काठमाण्डुमा भएको ' प्रथम महिला हाफ म्याराथन प्रतियोगिता २०८०' को उपाधि नेपाल पुलिस क्लबकी राममाया बुढाले हात पार्नुभएको छ ।

उहाँले एक घन्टा २६ मिनेट नौ सेकेन्डमा २१ किलोमिटर दूरी पार गर्दै उपाधि उचाल्नुभएको हो । सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोकको रङ्गशालाबाट सुरु भएको म्याराथन स्वयम्भू, कलङ्की, बल्खु, सानेपा, एकान्तकुना, सातदोबाटो, एन्फा फुटबल ग्राउण्डबाट सोही रुट फिर्ता हुँदै स्टार हस्पिटल सानेपा, बल्खु, कलङ्की, सीतापाइला, कारखानाचोक भई पुनः हल्चोक रङ्गशाला आएर समापन भएको थियो ।

प्रतियोगितामा प्रथम हुने नेपाल पुलिस क्लबकी राममायाले रु एक लाख प्राप्त गर्नुभयो । दोस्रो हुने नेपाल एपिएफ क्लबकी बिन्दाधन्के श्रेष्ठले एक घन्टा २७ मिनेट २७ सेकेन्डमा निर्धारित दूरी पार गरी रु ७५ हजार तथा तेस्रो हुने त्रिभुवन आर्मी क्लबकी पूर्णराज्यलक्ष्मी न्यौपानेले एक घन्टा २७ मिनेट ५० सेकेन्डमा पार गरी रु ५० हजार पुरस्कार जित्नुभयो ।

चौथो हुने नेपाल एपिएफ क्लबकी आशा राउतले एक घन्टा ३२ मिनेट १८ सेकेन्डमा पार गरी रु २५ हजार र पाँचौं हुने नेपाल पुलिस क्लबकी सुमित्रा चौधरीले एक घन्टा ३२ मिनेट २८ सेकेन्डमा पार गर्दै रु १५ हजार प्राप्त गर्नुभयो । उपाधि हासिल गर्ने धावकलाई आइतबार वार्षिकोत्सवमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको छ ।

प्रतियोगितमा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लबलगायत सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालय तथा देशैभरका महिला धावक गरी कूल ४२ महिलाको सहभागिता थियो । रासस

## सुदूरपश्चिम स्पोर्टस् अवार्ड

# दीपेन्द्र र वर्षा उत्कृष्ट वर्ष खेलाडी



सुदूरपश्चिम । 'एसपिए सुदूरपश्चिम स्पोर्टस् अवार्ड २०७९' को उत्कृष्ट वर्ष खेलाडीमा क्रिकेटका दीपेन्द्रसिंह ऐरी र फुटबलकी वर्षा ओली घोषित भएका छन् । नेपाल खेलकुद पत्रकार मञ्च कैलालीद्वारा शुक्रबार धनगढीमा आयोजित 'एसपिए सुदूरपश्चिम स्पोर्टस अवार्ड २०७९'मा दुवै जनाले उक्त अवार्ड जितेका हुन् । दीपेन्द्रले एथलेटिक्सका शिवराज पार्की र कबड्डीका प्रकाश गिरीलाई पछि पार्दै उक्त अवार्ड हात पारेका हुन् ।

गत वर्ष नेपाललाई विश्वकप क्वालिफायरमा पुर्याउन महत्वपूर्ण योगदान दिएका दीपेन्द्र गत वर्ष टी २० अन्तर्राष्ट्रियमा एक हजार रन बनाउने र एक दिवसीयमा करिअरको पहिलो शतक प्रहार गर्ने खेलाडीसमेत बनेका थिए । महिलातर्फ उत्कृष्ट खेलाडी बनेकी वर्षा गत वर्ष नेपाललाई पहिलो पटक यु १५ साफ च्याम्पियनसीपको उपाधि जिताउँदा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी हुन् ।

दक्षिण एसियाली खेलकुदमा नेपाली टोलीको तर्फबाट ह्याटिकसहित पाँच गोल गर्ने खेलाडी वर्षाले गत वर्ष नेपाली यु १५ टोलीले साफ च्याम्पियनसीपमा बङ्गलादेशविरुद्धको जित हात पार्दा निर्णायक गोल गरेकी थिइन् । यस्तै उनी एफसी छनोटका सबै खेल खेलेर गोल गर्ने नेपाली खेलाडीसमेत हुन् ।

सुदूरपश्चिम वर्षको अवार्ड युवा खेलाडी क्रिकेटका हेमन्त धामीले जिते । धामीले भारोत्तोलनका हेमन्त पाल र क्रिकेटकी अनु कडायतलाई पछि पारे । हेमन्तले गत वर्ष नेपाललाई यु १९ विश्वकप क्रिकेटमा पुर्याउन उत्कृष्ट प्रदर्शन गरेका थिए । यस्तै वर्ष प्रशिक्षकको अवार्ड क्रिकेटका जगत टमटाले हात पारे । टमटाले गत वर्ष नेपाललाई यु १९ विश्वकप क्रिकेटमा पुर्याएका थिए । उनी आठ वर्षपछि नेपाललाई यु १९ विश्वकपमा कमब्याक गराउने प्रशिक्षक हुन् । उनले नेपाली महिला क्रिकेट टोलीलाई कतारविरुद्धको सिरिज जिताएका पनि थिए । उनले कुस्तीका राजेन्द्र चन्द र भारात्तोलनका जीवन गौतमलाई पछि पारे ।

सुदूरपश्चिम आइकन पुरुषतर्फ फेन्सिङका जलेन्द्र शाही घोषित भए । शाहीले नवौं राष्ट्रिय खेलकुदमा सुदूरपश्चिमका लागि स्वर्ण पदक दिलाएका थिए । उनले जियारत सेख (फुटबल) र आनन्द कामी (कराँते)लाई पछि पारेका हुन् ।

सुदूरपश्चिम आइकन महिला फुटबलकी दीपा रोकाया घोषित भइन् । दीपाको कप्तानीमा नेपालले गत वर्ष पहिलो पटक यु १५ साफ च्याम्पियनसीपको उपाधि जितेको थियो । उनले कविता कुँवर (क्रिकेट) र मनिषा सिंह (कुस्ती)लाई पछि पार्दै उक्त अवार्ड जितेकी हुन् । भबिलबलका प्रशिक्षक सहदेव विष्टलाई 'लाइफ टाइम एचिभमेन्ट' प्रदान गरियो । बैतडीमा जन्मिएका विष्ट तत्कालीन समयमा नेपाली राष्ट्रिय भलिबल टिमको तर्फबाट उत्कृष्ट प्रदर्शन गर्नुभएको थियो । उनी एशियाली खेलकुदमा सुदूरपश्चिमबाट सहभागिता जनाउने एक्ला खेलाडी हुन् । विष्ट सन् १९८६ मा दक्षिण कोरियाको सोलमा भएको एसियाली खेलकुदका लागि छनोट भएका थिए । नेपाली भलिबल टिमले त्यसयता एशियन गेमको अनुभव लिन नपाएको बताइएको छ । कुस्तीका राजेन्द्र चन्द कराँतेका आनन्द कामीलाई स्पेशल अवार्ड प्रदान गरियो । कुस्तीका चन्दको प्रशिक्षकत्वमा सुदूरपश्चिमले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पाँच स्वर्ण, एक रजत र तीन काँस्य पदक जितेको थियो ।

कैलालीमा कपाल काट्ने (सैलुन व्यवसाय) समेत गरिरहेका कराँतेका कामीले २०७९मा गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुदअन्तर्गत कराँते प्रतियोगितामा सुदूरपश्चिम प्रदेशलाई स्वर्ण पदक दिलाउन सफल भएका थिए ।

उत्कृष्ट खेलाडी पुरुष र महिला विधाका विजेतालाई जनही रु ३५ हजार, उत्कृष्ट प्रशिक्षकलाई रु ३० हजार, वर्ष युवा खेलाडी, स्पेसल अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्डका विजेतालाई जनही रु २५ हजार, सुदूरपश्चिम आइकन महिला र पुरुष विधाका विजेतालाई रु २० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । मञ्चले बर्सेनि सुदूरपश्चिम स्पोर्टस अवार्डको आयोजना गर्दै आएको छ । रासस

# सुरक्षा कारबाहीमा छ जना आतङ्कवादी मारिए

**एएनआई**

इस्लामाबाद । पाकिस्तानको सुरक्षा फौजले उत्तरी वजिरिस्तान र ट्याङ्क शहरमा आतङ्कवादीविरुद्ध गरेको सुरक्षा कारबाहीमा छ जना मारिएका सेनाको अन्तर सेवा सूचना निकाय आईएसपीआरलाई उद्धृत गर्दै एआरवाई न्यूजले जनाएको छ ।

उत्तरी वजिरिस्तान जिल्लाको रजमाक क्षेत्रमा भएको दोहोरो भिडन्तमा तीन जना आतङ्कवादी मारिएका तथा ट्याङ्क शहरमा शहरमा भएको झडपमा तीन जना मारिएका छन् । सेनाले दुवै स्थानमा शुक्रबार सुरक्षा कारबाही गरेको हो । सुरक्षा बलले झडप भएका दुवै स्थानबाट विभिन्न हातहतियार र गोला बारुद बरामद गरेको छ ।

सुरक्षा बल र निर्दोष नागरिकको हत्याका साथै आतङ्ककारी गतिविधिमा संलग्न सक्रिय समूहलाई निष्क्रिय तुल्याउन सुरक्षा फौ क्रियाशील रहेको जनाइएको छ ।

आईएसपीआरले जारी गरेको विज्ञप्तिअनुसार बुधवार बाजौर र खैबरका आदिवासी जिल्लामा गरिएको त्यस्तै प्रकृतिको कारबाहीमा चार जना आतङ्कवादी मारिएका छन् । बाजौर जिल्लाको इनायत कल्ली क्षेत्रमा शफिउल्लाह नामक आतङ्कवादी रहेको आशङ्कामा सुरक्षा कारबाही सञ्चालन गरिएको थियो ।

# केन्यामा सडक दुर्घटनामा ४८ जनाको मृत्यु

**एएनआई**

नैरोबी । पश्चिमी केन्याको व्यस्त सडकमा ट्रकले नियन्त्रण गुमाउँदा अन्य सवारी साधन र पैदल यात्रुहरूमाथि ठोक्किदा ४८ जनाको मृत्यु भएको छ ।

अल जजिराले उल्लेख गरेअनुसार अहिलेसम्म ४८ जनाको मृत्यु भएको र एक वा दुई जना अझै ट्रकमुनि फसेको आशंका गरिएको छ ।

केरिचो र नाकुरु शहरहरू बीचको राजमार्गमा शुक्रबार राति भएको सो दुर्घटना बारे स्थानीय प्रहरी कमाण्डर जेफ्री मायेकले बताएका छन्- " दुर्घटनामा तीस जना गम्भीर घाइते भएका छन् । उनीहरूलाई विभिन्न अस्पतालमा लगिएको छ। यद्यपि पीडितको सङ्ख्या धेरै हुन सक्छ तर अहिले सम्म हामी ३० जनाको बारेमा निश्चित भएका छौं,"

साथै क्षेत्रीय प्रहरी कमाण्डर टम ओडेराले मृत्यु हुनेको सङ्ख्या ४८ पुगेको पुष्टि गरेका छन् ।

"केरिचो तर्फ गुडिरहेको एउटा ट्रकले नियन्त्रण गुमाएको र बस स्टपमा खचाखच भरिएका माटाटस (स्थानीय मिनिबसहरू) मा ठोक्किएको र बस स्टपमा उभिरहेका यात्रुहरू र पैदल यात्रुहरूलाई घाईते बनाएको हामीले आशंका गरेका छौं, "मायेकले भने ।

दुर्घटनाका प्रत्यक्षदर्शी रहेका चालक पिटर ओटिएनोले भनेः "मैले तीव्र गतिमा आउँदै गरेको ट्रेलर देखें। इक्कासि ठोक्किएपछि म भागें।" "मैले आफ्नै आँखाले करिब २० वटा शव देखें। गाडीमुनि अन्य शव पनि थिए," उनले भने।

भारी वर्षाका कारण उद्धार कार्यमा बाधा पुगेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

# चिनियाँ युआन अमेरिकी डलरको तुलनामा कमजोर

**एएनआई**

बेइजिंग । चिनियाँ मुद्रा रेन्मिन्बी (युआन) को केन्द्रीय समानता दर शुक्रबार अमेरिकी डलरको तुलनामा ५० पिप्स कमजोर भएर ७.२२५८ मा पुगेको छ ।

चीनको विदेशी विनिमय व्यापार प्रणालीलाई उद्धृत गर्दै सरकारी सञ्चारमाध्यमले सो बारे जानकारी दिएको छ।

चीनको स्पट विदेशी विनिमय बजारमा युआनलाई प्रत्येक व्यापार हुने दिन केन्द्रीय समानता दरबाट दुई प्रतिशतले बढ्न वा घट्न अनुमति दिइएको छ ।

अमेरिकी डलरको तुलनामा युआनको केन्द्रीय समानता दर प्रत्येक व्यापारिक दिन अन्तरबैंक बजार खोल्नु अघि बजार निर्माताहरूले प्रस्ताव गरेको मूल्यहरूको औसतमा आधारित हुन्छ।


किसानले उत्पादन गरेको काउली बिक्रीका लागी बजार लाने तयारी गर्दै । *तस्बिर : रासस*

# भन्सार परिसर बन्यो नयाँ गाडीहरूको पार्किङस्थल

**टुडे समाचारदाता**

वीरगन्ज । वीरगन्ज भन्सार कार्यालय परिसर ढुवानीमा प्रयोग हुने सवारीसाधनले भरिभराउ छ। कार्यालयको एकीकृत जाँच चौकीमा थन्किएका यी गाडी प्रयोग भएका भने होइनन्, सबै नयाँ हुन्। भन्सार जाँचपास नभएका यी नयाँ गाडी लामो समय यहीँ रोकिएका छन्। धूलो र फोहोरले कतिपय नयाँ गाडी पुराना देखिने भइसके।

विशेष गरी निर्माण सामग्री ढुवानी गर्ने ट्रक, टिपर तथा तथा ट्यांकर यहाँ अड्किएर पार्किङ स्थलजस्तो बनेको छ भन्सार कार्यालय व्यवस्थापन गरिरहेको इन्टरमोडल यातायात विकास समितिका अनुसार अहिले यहाँ १७ सय २५ वटा गाडी छन्। यो सबै प्रकारका सवारीसाधनको संख्या हो। यी कुनैको पनि भन्सार जाँचपास नभएर यहाँ रोकिएका हुन्।

कुल १७ सय २५ वटामध्ये मालवाहक गाडी र यिनका च्यासिस मात्र ६ सय १३ वटा छन्। समितिका अनुसार यी गाडीले ओगटेको क्षेत्रफल अरूको तुलनामा धेरै छ । भैरहवा भन्सार कार्यालयको परिसरको दृष्य पनि यस्तै छ। यहाँ पनि मालवाहक, निजी तथा यात्रुवाहक गाडी असरल्ल छन्। १३ सय ७७ वटा नयाँ गाडी जाँचपासको क्रममा रहेको कार्यालयले जनाएको छ। यसमध्ये मालवाहक गाडी मात्र १२ सय ३५ वटा छन् ।

यहाँ रोकिएका मालवाहक गाडीहरूमा 'टाटा' कम्पनीका धेरै छन्। टाटाको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले बजार माग कम भएकाले अहिले यी गाडीहरू भन्सारमै छाड्नुपरेको बताएको छ । 'हाम्रा धेरै गाडी अहिले भन्सारमा रोकिएका छन्। एकातर्फ बजार माग छैन, अर्कोतर्फ बैंकले कर्जा सुविधा पनि नदिँदा बिक्री ठप्प जस्तै भएको छ,' सिप्रदी ट्रेडिङका कमर्सियल



भेहिकल प्रमुख प्रबन्धक शरदकुमार न्यौपानेले सेतोपाटीसँग भने।

उनका अनुसार वीरगन्ज र भैरहवामा गरी भन्सार जाँचपास नगरेका टाटाका नौ सय हाराहारी गाडी अड्किएका छन्। अघिल्ला वर्षमा टाटाले मासिक सय वटाभन्दा बढी यस्ता गाडी बेचिरहेको हुन्थ्यो। अहिले १५ वटा पुग्न पनि मुस्किल छ। केही समयपछि बजार सुध्रिएला र बिक्री होला भन्ने विश्वास पनि नभएको कम्पनीको भनाइ छ।

अहिले गाडी खरिदका लागि सोधपुछ समेत ठप्पजस्तै रहेको अरू बिक्रेताहरूले पनि बताएका छन्। माग नभएपछि उनीहरूले ल्याएका गाडी भन्सारमै छाड्न थालेका हुन्। मालवाहक गाडी दुई प्रकारले प्रयोग हुन्छ।

एक, आफ्नो सामान ओसारपसारका लागि सम्बन्धित व्यवसायी आफैंले किनेको हुन्छ। यस्तो प्रयोजनमा बिक्री भएका गाडीको हिस्सा ४५ प्रतिशत छ।

अर्को, गाडी किनेर भाडामा लगाउने हो। यस्तो हिस्सा ५५ प्रतिशत छ। तर अहिले गाडी बिक्री त भएको छैन नै, भाडामा पनि नगएको व्यवसायीहरूको गुनासो छ। 'पहिले एक दिन गाडी खाली राख्नु पर्दैन थियो। अहिले सधैं पार्किङमा राख्नुपरेको छ,' नेपाल टिपर व्यवसायी संघका निवर्तमान अध्यक्ष दिलबहादुर श्रेष्ठले भने, 'औसत २५ प्रतिशत मात्रै टिपर प्रयोग भएको छ ।' निर्माण काममा आएको सुस्तताका कारण यस्ता मालवाहक तथा ढुवानी गाडी किनबेच र प्रयोग कम भएको उनीहरू बताउँछन्। नेपाल निर्माण व्यवसायी महासंघका अनुसार विगत दस वर्षमा औसत निर्माण कारोबार वार्षिक ८ खर्ब रूपैयाँको थियो। यो वर्ष साढे ३ खर्बमाथि पनि नपुग्ने अवस्था रहेको महासंघका अध्यक्ष रवि सिंहले बताए। यस हिसाबले निर्माण कारोबार ५७ प्रतिशत कम भएको छ। आठ खर्बको निर्माण कारोबारमा सार्वजनिक र निजी निर्माणको बराबरजस्तो हिस्सा थियो। अहिले निजी निर्माणको काम ठप्प प्रायः भएको उनले बताए।

त्यस्तै तीन तहको सरकारी खर्चमा हुने सार्वजनिक निर्माण बापतको भुक्तानी चालु वर्षमा दुई खर्ब रूपैयाँ पनि पुग्न सकेको छैन। सरकारले काम गरेवापतको भुक्तानी रोकिदिएका कारण पनि आफूहरू मर्कामा परेको निर्माण व्यवसायीहरूले बताएका छन्। निर्माणमा आएको सुस्तताको प्रभाव राजस्वमा समेत देखिएको छ।

'आर्थिक शिथिलतासँगै व्यावसायिक क्रियाकलाप कम भएपछि भन्सारमा जाँचपास नभएर गाडीहरू थन्किएका छन्,' वीरगन्ज भन्सार कार्यालयमा प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले भने, 'यसकारण ठूलो मात्रामा राजस्व पनि रोकिएको छ।'

# थप लगानी बढाउन चिनियाँ लगानीकर्तालाई आग्रह

छेन्दु (चीन) । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालमा लगानीको उपयुक्त वातावरण रहेकाले विविध क्षेत्रमा लगानी वृद्धि चिनियाँ लगानीकर्तालाई आग्रह गरेका छन् ।

चीनको सिचुवान प्रान्तको छेन्दुमा शुक्रबार सिचुवान प्रादेशिक लगानी समूहसँगको भेटमा उनले वैदेशिक लगानीलाई प्रोत्साहित गर्न नीतिगत र प्रक्रियागत सुधार गरिएको बताए ।

नेपालमा विभिन्न क्षेत्रमा लगानीको प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै उनले निर्धक्क भएर लगानी गर्न आग्रह गरे ।

'नेपालमा ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधिका क्षेत्रमा लगानी गर्ने प्रशस्त सम्भावना छ। हामीले वैदेशिक लगानीका लागि उपयुक्त वातावरण बनाउँदै गइरहेका छौं। वैदेशक लागनी प्रवर्द्धन तथा लगानीको सुरक्षा गर्न सकियोस् भनेर कानुन, नियममा पर्याप्त सुधार गरेका छौं,' उनले भने ।

वैदेशिक लगानी भित्र्याउन सकारात्मक वातावरण बनाउँदै लगिरहेको उनको भनाइ छ।




लगानीकर्तालाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न कानुनी सुधार गरिएको जनाउँदै उनले स्वदेशी र विदेशी लगानीकर्तालाई कुनै भेदभाव नहुने व्यवस्था मिलाइएको बताए ।

'हामीले सन् २०१९ मा प्रत्यक्ष वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन पारित गरेको छौं। जसले लगानीको नाफा आफ्नो देशमा लैजानका निम्ति सुनिश्चित गरेको छ। कुनै पनि लगानीकर्तामाथि भेदभाव नगर्ने कुराको सुनिश्चितता गरेको छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'सबै सेवा एकल बिन्दुबाट लिन सकिने व्यवस्था मिलाइएको छ। सार्वजनिक निजी साझेदारी लगानी ऐन पनि लागू गरिसकेको छौं। यसले वैदेशिक लगानीका ठूला परियोजना अगाडि बढाउन सहयोग पुग्नेछ ।'

उनले सिचुवान प्रान्तस्तरीय लगानी समूहले नेपालमा गरेको लगानीका लागि धन्यवाद दिए। सो समूहले नेपालमा मध्यमर्स्याङ्दी जलविद्युत आयोजना निर्माण गरिरहेको छ ।

'अरू लगानी जसरी भए पनि ल्याउनुस्। लगानी भित्र्याउन हामीले जे गर्नुपर्छ, हामी गर्छौं। ढुक्क भएर विभिन्न क्षेत्रमा लगानीको तयारी गर्नुहोस्। यो मेरो विशेष अनुरोध हो,' उनले भने। उपप्रधानमन्त्री श्रेष्ठले कर प्रणाली र श्रम कानुन पनि लगानीमैत्री बनाइएको बताए। उत्पादनमा आधारित उद्योग प्रोत्साहन गर्ने उद्देश्यले विशेष आर्थिक क्षेत्रहरू निर्माण गरिएको जानकारी दिँदै उनले भारत र चीनको सीमा क्षेत्रमा सुख्खा बन्दरगाह बनाइएको उल्लेख गरे ।

कुनै समस्या भए लगानीकर्ताका सुझावका आधारमा समाधान गर्न सरकार तयार रहेको जनाउँदै उनले लगानीमैत्री वातावरण बनाउनका निम्ति सरकार क्रियाशील रहेको बताए। 'लगानी प्रक्रिया सहज बनाउन आवश्यक सुधारका लागि सरकार प्रतिबद्ध छ,' उनले भने, 'विभिन्न क्षेत्रको वैदेशिक लगानी प्रोत्साहित गर्ने र लगानी सुरक्षित गर्ने पक्षमा छौं ।'

आर्थिक विकास नेपालको प्रमुख एजेन्डा रहेको उल्लेख गर्दै उनले त्यसका लागि प्रत्यक्ष वैदेशिक लगानी प्रोत्साहित गर्नुपर्नेमा नेपाल दृढ रहेको बताए। लगानीकर्तालाई प्रोत्साहित गर्न नीतिगत सुधार गरिएको उल्लेख गर्दै उनले लगानीका लागि अन्य सुधार गर्नुपर्ने विषय भए निर्धक्कसँग भन्न आग्रह गरे ।

चीनले नेपालको विकास प्रक्रियामा धेरै नै सहयोग गर्दै आइरहेको जनाउँदै उनले आर्थिक सहकार्यका विविध क्षेत्रबारे दुई मुलुकबीच छलफल भइरहेको बताए। नेपालका लागि चीन ठूलो वैदेशक लगानीको स्रोतका रूपमा रहेको उल्लेख गर्दै उनले आगामी दिनमा नेपालमा थप लगानी बढाउन आग्रह गरे। रासस

# एनएमबी बैंकले सुरू गर्‍यो 'एनएमबी खेती कर्जा'

**टुडे समाचारदाता**

काठमाण्डु । एनएनबी बैंक र नेपालको डिजिटल कृषि एप खेतीको सहकार्यमा पूर्णरुपमा डिजिटल प्रविधिमा आधारित बिना धितो एनएमबी खेती कर्जाको आधिकारीक रूपमा शुभारम्भ भएको छ ।




यस कर्जा मार्फत किसानहरूले खेती एपको नयाँ फिचर एनएमबी खेती कर्जामा आवेदन दिई सहज रुपमा ५ मिनेटभित्रै कर्जा प्राप्त गर्न सक्नेछन्। वित्तीय पहुँचबाट वञ्चित रहेका किसानहरुले सहज रुपमा कर्जा प्राप्त गरुन् भन्ने उद्देश्यले पूर्णरुपमा डिजिटल प्रविधिमा आधारित बिना धितो कर्जा नेपालमा नै पहिलो पटक सुरू गरिएको हो । किसानहरुले आफूलाई आवश्यक कृषि बिउ-बिजन, अन्य विभिन्न आवश्यक कृषिजन्य वस्तु तथा उपकरणहरू खरिद गर्नको लागि यो कर्जा सरल किस्ताबन्दीमा बिना धितो प्राप्त गर्न सक्नेछन्। यस कर्जा प्राप्त गर्नको लागि अन्य कर्जा जस्तै कर्जाको लागि आवश्यक कागजातहरू पेश गर्न पर्दैन।

यो कर्जा पूर्णरुपमा डिजिटल प्रविधिमा आधारीत भएकाले किसानहरूले खेतीसँग पहिला गरेको कारोबारको मूल्यांकन गरेर स्विकृति गरिनेछ भने ग्राहकहरूले ३ महिनादेखि २४ महिनासम्मको भुक्तानी अवधिभित्र कर्जा चुक्ता गर्ने सुविधा प्राप्त गर्न सक्नेछन् र कर्जा चुक्ता गरिसकेपछि निजले फेरि अर्को कर्जा पनि तुरुन्तै प्राप्त गर्न सक्नेछन्।

यस एनएमबी खेती कर्जा प्राप्त गर्नको लागि ग्राहकहरूले एनएमबी बैंकमा खाता खोलेको हुनुपर्दछ भने खेती एप अनिवार्य डाउनलोड गरी एपमा भएका फिचरहरूको प्रयोग गरेर ग्राहक पहिचान विवरण भर्नुको साथै कृषिजन्य उत्पादन तथा उपकरणको कारोबार खेती एपबाट गरेको साथै रोग तथा किरा नियन्त्रण, फर्म सुरू लगायतका खेतीका महत्वपूर्ण चरणहरुमा पूर्ण सहभागि भएको हुनुपर्नेछ।

देशले कृषिको व्यवसायिकरणमा जोड दिइरहेको अवस्थामा किसानहरूलाई पूर्णरुपमा डिजिटल प्रविधिमा आधारित बिना धितो कर्जा ५ मिनेटभित्र प्राप्त गर्न सकिने यस एनएमबी खेती कर्जाले किसानहरू लाभान्वित भई समग्र कृषि क्षेत्रको विकास भई नेपालको अर्थतन्त्रलाई नै सकरात्मक प्रभाव परी देशको आर्थिक विकासमा मद्दत पुग्ने विश्वास लिइएको छ।

एनएमबी बैंकले हाल देशभरी २०१ शाखा, १३८ एटिएम र १२ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# भिजी इम्पेक्स र नबिलबीच सहकार्य

**टुडे समाचारदाता**

काठमाण्डु । जिडब्लुएम गाडीका लागि नेपालको एक मात्र आधिकारिक आयातकर्ता तथा वितरक भिजी इम्पेक्स प्रालिले नबिल बैंक लिमिटेडसँग सहकार्य गरेको छ । दुई कम्पनीबीच जिडब्लुएमका गाडीहरूमा फाइनान्सिङ सुविधाका लागि सहकार्य भएको हो।




जिडब्लुएमका इन्टरनल कम्बसन इन्जिन (आइसिई) गाडीहरू; हाभल जोलायन, हाभल एच६, पावर, विंगल-५ र विद्युतीय गाडी ओरा-०३ को फाइनान्सिङ सुविधाका लागि सम्झौता भएको हो।

भिजी इम्पेक्स- जिडब्लुएम नेपालका उपाध्यक्ष रूपेश शर्मा भट्ट र नबिल बैंक लिमिटेडका हेड अफ रिटेल लेन्डिङ सुश्री चाँदनी श्रेष्ठले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार ग्राहकले नबिल बैंक मार्फत कुनै पनि जिडब्लुएम गाडी किन्दा फाईनान्सिङ सुविधा प्राप्त गर्ने छन्। नबिलले आइसिई मोडललाई १२.९० प्रतिशत ब्याजदरमा ५० प्रतिशतसम्म अटोकर्जा उपलब्ध गराउने भएको छ। त्यस्तै बिजुली गाडीका लागि १२.१५ प्रतिशत ब्याजदरमा ८० प्रतिशतसम्म अटोकर्जा उपलब्ध गराउने भएको छ।


दुवै अवस्थामा ऋणको अवधि भने ७ वर्षको हुनेछ। ग्राहकहरूले अटो कर्जाका लागि आवश्यक कागजातहरूसहित नजिकैको नबिल बैंक शाखामा गएर आवेदन दिन सक्ने कम्पनीले जनाएको छ ।

# 'आइएमई पे' को अफर सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । 'आइएमई पे' ले पानी र बिजुलीमा क्यास ब्याकको वर्षा अफर सार्वजनिक गरेको छ। यो अफर असार १७ गतेदेखि असार २३ गतेसम्म एक हप्ताका लागि लागू हुने कम्पनीको भनाइ छ ।

यस अफर अन्तर्गत ग्राहकले आइएमई पे मार्फत पानीको बिल भुक्तानी गर्दा १०० रुपैयाँसम्म अर्थात् १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्। एक हप्तामा ग्राहकले सो क्यासब्याक पटक-पटक प्रयोग गर्न पाउने छन् ।




साथै ग्राहकले बिजुलीको बिल आइएमई पे मार्फत भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा छुट दिने भएको छ। सो क्यासब्याक एवम् छुट ग्राहकलाई आफ्नो घरायसी बिलहरू विद्युतीय मध्यममार्फत तिर्न प्रोत्साहन गर्ने उद्देश्यका साथ प्रदान गरिएको हो ।

'आइएमई पे' ले असार महिनामा मनसुनलाई लक्षित गर्दै सुरू गरेको 'आइएमई पेमा क्यास ब्याकको वर्षा' नामक अभियानको यो निरन्तरता हो ।

# रत्ननगरमा रोजगार मेला

रत्ननगर । चितवनको रत्ननगर नगरपालिकामा वृत्ति मार्ग निर्देशन तथा रोजगार मेला सुरु भएको छ । रत्ननगर-१ स्थित होटल स्टार चितवनमा शुक्रबारदेखि सुरु भएको मेलाको रत्ननगर नगरपालिका र भरतपुर महानगरपालिकाले संयुक्तरुपमा आयोजना गरेका हुन् ।

मेलाको उद्‌घाटनका क्रममा रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटाले नगरवासी युवालाई स्वरोजगार बनाउन र रोजगारीको अवसर सिर्जना गर्न रत्ननगर नगरपालिका लागिपरेको बताउनुभयो । उहाँले आफ्नो क्षमता पहिचान गरी उद्यमी बन्न चाहने युवालाई आवश्यक तालिमको व्यवस्था गर्ने र रोजगारदातासँग समन्वय गरी रोजगारीको अवसर दिलाउन मेला आयोजना गरिएको सापकोटाको भनाइ छ ।

सीप र क्षमता भएका व्यक्ति कोही पनि बेरोजगार बन्नु नपर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "स्वदेशमै उद्यमी बन्न होस् वा वैदेशिक रोजगारीमै जानका लागि पनि आवश्यक पर्ने तालिम लिनुपर्छ ।

हामीले इन्स्योर परियोजनाअन्तर्गत हेल्भेटास नेपालको प्राविधिक सहयोगमा तालिम दिन प्रतिबद्ध छौं ।"

कार्यक्रममा नगर उपप्रमुख यादवप्रसाद पाठकले शैक्षिक योग्यता, दक्षता र क्षमता हुँदाहुँदै पनि रोजगारीको अवसरबाट वञ्चित भएकाले मेलाबाट लाभ उठाउन सक्ने र सीप सिक्न चाहनेका लागि विभिन्न तालिममा सहभागी गराइने बताउनुभयो । रत्ननगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले रोजगारीको खोजीमा रहेका र रोजगारी दिनेबीच प्रत्यक्ष भेट गराएर रोजगारीको अवसर सिर्जना गर्न मेला कोसेढुङ्गा सावित हुने बताउनुभयो । उहाँले मेला अवलोकन गरी लाभ लिन नगरवासीसँग आह्वानसमेत गर्नुभएको छ ।

कार्यक्रममा उद्योग वाणिज्य सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले विभिन्न उद्योगमा अहिले जनशक्तिको अभाव भइरहेको जनाउँदै आवश्यक सीप सिकेर दक्ष बन्न सकेको अवस्थामा एक हजार बढी युवालाई रोजगार प्रदान गर्न सकिने बताउनुभयो । मेलामा रोजगारदाता कम्पनी तथा सीप सिकाउने कम्पनीका गरी गरी ३४ प्रदर्शनी कक्ष छन् । रासस

घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२" कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब-डिभिजन खानेपानी कार्यालयहरुमा खानेपानी गुणस्तर परीक्षण गराऔं ।

मधेश सरकार
मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

### समन्वय परिषद्को पहिलो बैठक सम्पन्न

# प्रमुख प्रशासकीय अधिकृत दुई वर्ष रहने, प्रदेश सचिव एक बर्ष

**टुडे समाचारदाता**

पोखरा । संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने संयन्त्र राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकले दोहोरो अनुदान बन्द गर्ने, प्रमुख प्रशासकीय अधिकृतको सरुवा २ वर्ष नगर्ने लगायतको निर्णय गरेको छ ।




प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रदेशका मुख्यमन्त्रीहरु, स्थानीय तहका जनप्रतिनिधिसहितको बैठकले ६ महिनाभित्र संघीयता कार्यान्वयनमा तीन तहबीच देखिएका अस्पष्टता अन्त्य गर्ने लगायतका विभिन्न ६ वटा निर्णय गरेको छ ।

संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा १६ मा संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय समन्वय परिषद् रहने व्यवस्था छ ।

बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा कार्य विस्तृतिकरण परिमार्जन गरी तीनै तहका सरकारबीचको अधिकारमा ६ महिनाभित्र स्पष्टता ल्याउने निर्णय गरेको मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले बताए ।

बैठकले अनुदान वितरण दोहोरो नपर्ने गरी क्षेत्र तोक्न एक समिति गठन गर्ने निर्णय गरेको छ । तीनै तहबाट जाने अनुदानको शीर्षक, प्रकृति र रकम अध्ययन गरी दोहोरो अनुदान बन्द गर्न समिति गठन गर्ने र त्यसमा प्रदेश तथा स्थानीय तहलाई समेत सहभागी गराउने निर्णय भएको कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले जानकारी दिए ।

अहिले संघ, प्रदेश र स्थानीय तहले आआफैं अनुदान रकम वितरण गर्दा कतिपयले दोहोरो अनुदान लिइरहेको र अनुदानको प्रभावकारिता नभएको गुनासो बढेको थियो । बिना समन्वय अनुदान वितरण गर्दा पहुँचवालाले पटक पटक पाउने, कसैले पाउँदै नपाउने परिस्थितिको अब अन्त्य हुने गाउँपालिका महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

एउटै प्रकृतिको कामको लागि संघ र प्रदेशमा स्थापना भएका अलग अलग संरचना पनि अब हटाउने निर्णय भएको छ । संघीयता कार्यान्वयनपछि पनि संघीय सरकार र प्रदेश सरकारका उस्तै प्रकृतिका संरचना कायम रहँदा चालु खर्च बढेको र काममा दोहोरोपना बढेको भन्दै मुख्यमन्त्रीहरुले गुनासो गर्दै आएका थिए ।

'के कस्ता संरचना राख्ने, कुन खारेज गर्ने भन्ने विषयमा ३ महिनाभित्र सिफारिस गर्न समिति गठन गर्ने निर्णय भएको छ,' प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका एक सचिवले भने, 'प्रदेश समन्वय समिति हेर्ने सचिवको नेतृत्वमा गठन हुने समितिले उपयुक्त विकल्प दिने छ ।'

बैठकले आयोजनाहरुमा देखिएका दोहोरोपना हटाउन पनि समिति गठन गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आआफ्नो हिसाबले आयोजना छनोट गर्दा एउटै सडकमा तीनवटै सरकारका बजेट परेको भनेर स्थानीय जनप्रतिनिधिले गुनासो गर्दै आएका थिए । अब यस्तो समस्या अन्त्य गर्ने जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई दिइएको छ ।

आयोगले उपयुक्त व्यवस्थासहित ३ महिनाभित्र कार्यविधि पेश गर्ने निर्णय भएको लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले जानकारी दिए ।

एक भन्दा बढी तहको सरकारको साझा अधिकार सूचीका कानुन निर्माण गर्दा आपसमा सहकार्य गर्ने निर्णय पनि बैठकले गरेको छ । साझा अधिकार सूचीका कानुन नै नबन्दा प्रदेश र स्थानीय तहले बजेट कार्यान्वयनमै समस्या परेको गुनासो गर्दै आएका थिए ।

साझा अधिकार सूचीका कानुन निर्माण गर्दा स्थानीय तह र प्रदेशको राय र सुझाव लिने सहमति भएको वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले बताए ।

बैठकमा संघीयता कार्यान्वयनका लागि अत्यावश्यक कानुनको निर्माण र बनेका कानुनको कार्यान्वयन गर्नुे पनि सहमति भएको छ । त्यसमध्ये पनि संघीय निजामती सेवा ऐन प्रतिनिधिसभाको यसै अधिवेशनमा पेश गर्ने सहमति भएको बैठकमा सहभागी एक सचिवले जानकारी दिए ।

**प्रमुख प्रशासकीय अधिकृतको २ वर्ष सरुवा नगर्ने**

बैठकमा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत कम्तीमा २ वर्षका लागि खटाउने सहमति भएको छ । प्रदेशमा खटिएका सचिव पनि एक वर्ष सरुवा नगर्ने सहमति भएको बैठकमा सहभागी एक सचिवले बताए ।

संघले प्रमुख प्रशासकीय अधिकृत र प्रदेशका सचिव पठाउने र प्रदेश तथा स्थानीय तहले हाजिर गराउने सहमति भएको ती सचिवले जानकारी दिए ।

हाजिर नगराउने प्रदेश वा स्थानीय तहको अनुदान रोक्का गर्ने पनि निर्णय भएको उनले बताए । कतिपय प्रदेशले प्रमुख प्रशासकीय अधिकृत आफैं खटाउने गरी प्रदेश निजामती ऐन बनाएका छन् । तर संघीय ऐनले स्पष्ट नगर्दासम्म हाजिर गराउने काम स्थानीय तहको र खटाउने काम संघको हुने गरी सहमति भएको छ ।

राष्ट्रिय समन्वय परिषद्को बैठकमा राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्ने निर्णय पनि भएको छ । तीन तहका सरकारका फरक फरक तथ्यांक हुँदा समस्या भएकाले एकीकृत अभिलेख प्रणालीको विकास गर्ने निर्णय भएको छ ।

'हिजो एकात्मक सरकारको तथ्यांक सिस्टम भत्क्यो तर संघीयतामा गइसकेपछि तथ्यांकको एकीकृत अभिलेख नै भएन', बैठकमा सहभागी एक अधिकारीले भने, 'यसका लागि कस्तो संरचना बनाएर कसरी बढ्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुखको संयोजकत्वमा समिति बनाउने र छिटोभन्दा छिटो प्रतिवेदन पेश गर्ने निर्णय भएको छ ।'

बैठकमा स्थानीय तह र प्रदेशका जनप्रतिनिधिले जग्गा प्राप्ति झञ्झटिलो हुँदा विकास निर्माण र बजेट कार्यान्वयनमा समस्या परेको गुनासो गर्दै आएका थिए । यो विषयमा शुक्रबार भएको मुख्यमन्त्रीहरुको बैठकले साझा धारणा बनाएको थियो ।

शनिबारको बैठकले जग्गा प्राप्ति सम्बन्धी ऐन नबन्दासम्म जग्गा प्राप्तिको प्रक्रियालाई सहज बनाउने निर्णय गरेको छ । बैठकमा प्रधानमन्त्री प्रचण्डले नै जग्गा प्राप्तिको प्रक्रियालाई सहज बनाउने प्रतिवद्धता जनाएका थिए । कम्तीमा जग्गा प्राप्ति हुने वा नहुनेबारे १/२ महिनामै निर्णय दिन सकेमा विकास निर्माण प्रभावित नहुने विषयमा छलफल भएको बैठकका एक सहभागीले बताए ।

प्रथम राष्ट्रिय समन्वय परिषदको बैठकमा तीनै तहको सरकारबीच संघीयता कार्यान्वयनको धेरै विषयमा एक मत देखिएको र यो संघीयता कार्यान्वयनमा कोसेढुंगा सावित हुने गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए ।

बैठकमा कोशीबाहेक ६ प्रदेशका मुख्यमन्त्री, गाउँपालिका र नगरपालिका महासंघका अध्यक्ष तथा प्रतिनिधि सहभागी थिए । त्यस्तै अर्थमन्त्री डा. प्रकाशशरण महत, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ, विपक्षी दलका प्रतिनिधि तथा पूर्वअर्थमन्त्री विष्णु पौडेल लगायत सहभागी थिए ।

# नेपाल र भारतबीचको सम्बन्ध अटुट : सांसद निषाद

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल र भारतबीचको सम्बन्ध धर्म, संस्कृति, सामाजिक, भाषा, भेष, भूगोलसित जोडिएकाले अटुट रहेको सांसद अजय निषादले बताएका छन् ।

जनकपुरधाममा शनिबार आयोजित नेपाल र भारतका चिकित्सकहरुको एउटा कार्यक्रममा सहभागी हुन शुक्रबार आइपुगेका सांसद निषादले जानकी नेपाल र भारतको साझा धरोहर रहेको बताए ।

जानकीले नेपाल र भारतबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको उल्लेख गर्दै उनले भने,जनकपुरधाममा जानकी मन्दिर दर्शन गर्न भारी संख्यामा दिनहुँ भारतीय पर्यटक आउने गरेका छन् । संसारकै हिन्दूहरुको आस्थाको केन्द्र रहेको जनकपुरधाममा आउन पाउँदा आफूलाई भाग्यमानी ठानेको उनले बताए ।

नेपालको विकासमा भारतको सदैव सहयोग रहेको चर्चा गर्दै सांसद निषादले दुई देशबीचको सीमा क्षेत्रका धार्मिक, पर्यटकीय स्थलहरुलाई जोड्न पूर्वाधारको विकास गर्नुपर्नेमा जोड दिए ।

'नेपाल र भारतको सीमा क्षेत्रमा सडक सञ्जाल विस्तारको क्रम तीव्र रुपमा बढेको छ ' उनले भने, यसले पर्यटकीय स्थलहरुमा विगतको भन्दा भीडभाड बढेको छ ।



दुबै देशका सरकारले मात्र नभइ सीमावर्ती क्षेत्रका बासिन्दा, राजनीतिकर्मी, व्यवसायी, सञ्चारकर्मीहरुले पनि सीमाक्षेत्रमा देखिने समस्याहरु समाधानका लागि पहल गर्नुपर्ने उनले बताए ।

भारतीय पक्षबाट समस्या भए समयमै जानकारी पाए समाधानका लागि केन्द्र सरकारसम्म पहल गर्ने उनले विश्वास दिलाए ।

भारतीय जनता पार्टी (भाजपा)बाट विहारको मुजफ्फरपुर लोकसभा क्षेत्रबाट लगातार दोस्रो पटक सांसद बनेका निषाद सीमा क्षेत्रको विकासप्रति सकारात्मक रहेका छन् । उनको पहलबाट कोभीड समयमा पनि कयौं समस्याहरु समाधान भएको थियो ।

शनिवार बिहान जानकी मन्दिरमा दर्शनपूजाका लागि आएका सांसद निषादले मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव र उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवसित विभिन्न विषयमा जानकारी लिएका थिए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधामको भ्रमणमा आउँदा भारत सरकारको तर्फबाट सहयोग घोषणा गरेको १ सय करोड राशीको योजनाबारे समेत उनले चासो व्यक्त गरेका थिए ।

भगवान जानकीको जन्मदेखि विवाहसित जोडिएका विभिन्न स्थल र त्यसको विकासबारे जानकारी लिएका सांसद निषादले भारत सरकारबाट विकासका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सत्तारुढ दल भाजपाका सांसद निषादको सरकारमा बलियो पहुँच रहेको मानिन्छ । उनले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन दुबै देशबीच सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

**बाढीपहिरोबाट जोगिऔं**

- जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्तो भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**एक घर एक रूख रोपौं**

- वृक्षरोपण गरी वातावरण जोगाऔं ।
- जन्मदेखि मृत्युसम्म मानव जीवनलाई सार्थक तुल्याउन वृक्ष चाहिन्छ ।
- बाँचुन्जेल चाहिने अक्सिजन पनि यही वृक्षले प्रदान गर्दछ ।
- वृक्षको महत्व मानव जीवनका लागि अपरम्पार छ ।
- वृक्षको आवश्यकता पूर्तिसागै वातावरण सन्तुलन कायम गर्दछ ।
- प्रकृतिको यही विकल्प, वृक्षरोपणको गरौ संकल्प ।
- जहाँ हरियाली, त्यहीं खुशियाली ।
- वृक्षारोपणले सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरु पुऱ्याइरहेको हुन्छ ।
- वृक्ष प्रकृतिको अनुपम उपहार हो ।
- वातावरणलाई सफा स्वच्छ निर्मल राख्नुका साथै भावि पिंढीका लागी सम्पत्ति बन्दछ ।
- वृक्षरोपणः स्वच्छ वायु, स्वस्थ्य जीवन ।



जिल्ला वन कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

www.jconcreto.com

विकल्प छ... शानदार

पाउनुहोस् कमसल गुणस्तरका सामग्रीमा हुने लागतको अनावश्यक खर्च र ढुवानीमा टुट्फुट्ले हुने नोक्सानीबाट मुक्ती । अब छ शानदार विकल्प ।

JAGDAMBA CONCRETO
BLOCKS · BRICKS · PAVERS




...प्रविधिमा
युरोपीयन प्रविधि/ जर्मनी र बेलायती इन्जिनियरिङ्बाट उत्पादित
अत्याधुनिक रोबोटिक प्लान्टको प्रयोग

...गुणस्तरमा
आकारमा एकरूपता उच्च भारवहन क्षमता
लामो समयसम्म टिक्ने

KERBS · SAUCER DRAIN · FLAG TILES · DRAIN PATTERNS

CALL NOW
9801237336

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८